VIDYA

# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY




भिक्षुणी संघमित्रा (भारतका सम्राट अशोककी सुपुत्री)द्वारा बुद्धगया भारतबाट "बोधिवृक्ष" श्रीलंकामा ल्याइपुऱ्याउँदा तत्कालिन राजा देवानांपियतिस्सले पानीमा भिजी स्वागत गरिरहेको दृष्य

DHARMAKIRTI

ल्हुति पुन्ही

वर्ष-२६; अङ्क-०१

बिक्रम सम्वत् २०६५

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ।
२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस्।
३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू यथाशिघ्र समयमानै हामीलाई लेखी पठाउनु होस्।
४. हामी तपाईँको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं।
५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ- सम्पादक मण्डल हुने छैन।

## ■ विषय-सूचि ■


| क्र.सं | विषय | लेखक | पेज नम्बर |
|---|---|---|---|
| १. | बुद्ध-वचन | - | १ |
| २. | सम्पादकीय- सम्राट अशोकबाट बुद्ध शिक्षाप्रचार | - | २ |
| ३. | चारवर्ण व्यवस्थामा शुद्धि | - सत्यनारायण गोयन्का | ३ |
| ४. | धम्मपद - २०८ | - रीना तुलाधर (बनिया) | ५ |
| ५. | जीवन | - बुद्धरत्न शाक्य | ५ |
| ६. | पापको पिता | - नरेन्द्रनाथ भट्टराई | ६ |
| ७. | योग अभ्यास विधि - भाग ३६ | - डा. गोपाल प्रधान | ७ |
| ८. | मन वचन र शरीरको कर्म संयमित हुनु आजको आवश्यकता | - शिशिल चित्रकार | ९ |
| ९. | मरणासन्न समयमा हुने मानिसको अनुभूति | - पूर्णमान शाक्य | १० |
| १०. | बसल (वृषल) सूत्र | - अमीर कुमारी शाक्य | ११ |
| ११. | मैत्री | - संगीता कोजु | १२ |
| १२. | नेपालमा बुद्धधर्म विकासका लागि चालिनुपर्ने कदमहरू - २ | - डा. लक्ष्मण शाक्य | १३ |
| १३. | सात दिने अल्पकालिन श्रामणेर प्रव्रज्या - २०६४ मा मेरो अनुभव | - श्रामणेर मेधंकर (रिजेन ताम्राकार) | १५ |
| १४. | मिलिन्द-प्रश्न - ११ | - आनन्द प्रधान | १६ |
| १५. | बोधिज्ञान | - मुनिन्द्र | १७ |
| १७. | मैत्रेय युवासंघको मासिक बौद्ध कक्षा/छलफल | - | १७ |
| १८. | अनुभव चारधाम वनावलेया- ३ | - ज्ञानकाजी शाक्य | १८ |
| १९. | धर्मकीर्ति विहार-गतिविधि | - | १९ |
| २०. | धर्म प्रचार-समाचार | - | २४ |
| २१. | श्रद्धाञ्जली | - आनन्द मान सिं तुलाधर | २५ |


- धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु। छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी तःधंगु तिबः ज्वीफु।
- छि थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ।
- छिं थःगु पसः, उद्योग, व्यापार, कार्यालयया बिया ध्यूगु प्रत्येक विज्ञापन पत्रिकायात तःधंगु ग्वाहाली जूवनी।
- धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्गुली नं ग्वाहाली बीफु।
- आसे धयादीमते, बिचाः याना दिसँ- 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक

बिद्यासागर रञ्जित

फोन: ४२५ ८९५५

व्यवस्थापकहरू

चिनीकाजी महर्जन

फोन: ४२५ ३१८२

ज्ञानेन्द्र महर्जन

फोन: ४२७ ६९०८

सह-व्यवस्थापक

ध्रुवरत्न स्थापित

सम्पादक

भिक्षुणी वीर्यवती

फोन: ४२५ ९४६६

प्रधान सम्पादक

भिक्षु अश्वघोष महास्थविर

फोन: ४२५ ९११०

प्रकाशक र विशेष सल्लाहकार

भिक्षुणी धम्मवती

फोन: ४२५ ९४६६

कार्यालय

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

धर्मकीर्ति विहार

श्रीघः नघःटोल

e-mail: dharmakirtivihar@mail.com.np

पोष्ट बक्स नं. ४९१२

काठमाडौं

फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५१

नेपाल सम्वत् ११२८

इस्वी सम्वत् २००८

विक्रम सम्वत् २०६५


| | |
|---|---|
| विशेष सदस्य | रु. १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. ७५/- |
| यस अङ्कको | रु. ८/- |

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**APRIL 2008**


वर्ष- २६ | अङ्क- १ | ल्हुति पुन्ही | वैशाख २०६५





- असंयमी दुराचारी भई देशको अन्न खानु भन्दा आगो झैं रातो तातेको फलामको डल्लो खानु नै बेस ।

- कुशलाई राम्ररी समाल्न नजान्ने मानिसको हातमा घाउ लागे झैं श्रमण धर्म राम्ररी पालन नगर्ने व्यक्तिको जीवन पनि नरकतुल्य हुनेछ ।

- निर्दोषीहरूको दोष खोतली दोषीहरूको दोष छोपी गलत धारणा गर्दै हिंड्ने व्यक्तिको जीवन पतनोन्मुख तिर धकेलिने अवश्यम्भावी छ ।

■ सम्पादकीय ■

# सम्राट अशोकबाट बुद्ध शिक्षाप्रचार

कलिंग युद्धबाट थुप्रै मानिसहरूको हत्या हिंसा भएको घटनाले मनमा संवेग उत्पन्न गरिरहेका सम्राट अशोकले निग्रोध श्रामणेरको तर्फबाट बुद्ध वचन सुनी आफ्नो हिंसात्मक कार्यको गलती महशुस गर्नथाल्यो । फलस्वरूप उसले अरूको हत्या र हिंसाले आफूलाई कहिले पनि साँचो मानसिक शान्ति प्रदान नगर्ने सत्यतालाई बुझ्न सक्षम भए । अनि उसले हथियार त्यागी आफ्नो जीवनलाई धर्मानुकुल बिताउने निर्णय गऱ्यो । धर्मको रसको महत्व बुझेका सम्राट अशोकले अरू अज्ञानीहरूलाई पनि धर्मरसको स्वाद चखाई भाग्यमानी बनाउने मनसायले उनले मोग्गलि पुत्त तिस्स स्थविरको निर्देशनमा भारतका ७ प्रदेशहरू लगायत वर्मा र श्रीलंका समेत गरी ९ प्रदेशहरूमा बुद्ध शिक्षा प्रचारार्थ धर्मदूतहरू खटाई पठाएका थिए । ती मध्ये श्रीलंकामा सम्राट अशोकका पुत्र भिक्षु महेन्द्रको साथमा इट्टिय, उत्तिय, सम्बल र भद्दशाल धर्मप्रचारार्थ जानुभएका थिए । उहाँहरूले श्रीलंकाका तत्कालीन राजा देवानांपियतिस्सलाई बुद्ध शिक्षा बोध गराई बुद्ध अनुयायी बनाएका थिए । त्यतिमात्र होइन उहाँहरूले त्यहाँका हजारौं कुलपुत्रहरूलाई प्रव्रज्या गरी उपसम्पदा (भिक्षु) बनाउनु भएका थिए। यसरी नै महेन्द्र महास्थविर ले श्रीलंकामा भिक्षुहरूलाई सम्पूर्ण पालि त्रिपिटक अध्ययन अध्यापन गराउनु भएको थियो ।

सम्राट अशोकले भिक्षु मोग्गलिपुत्ततिस्स स्थविर को निर्देशानुसार जम्बुद्वीपमा ८४,००० स्तुपहरू र विहारहरू निर्माण गर्न लगाए। यही उत्तम कार्यहरूको कारणले सम्राट अशोक चन्दाशोकबाट श्री धर्माशोकको रूपले प्रख्यात हुनथाल्यो ।

श्रीलंकामा सम्राट धर्माशोकका पुत्र भिक्षु महेन्द्रको साथसाथै पुत्री भिक्षुणी संघमित्राले पनि बुद्ध शिक्षा प्रचार कार्यमा आफ्नो अहम् भूमिका निभाउन थालिन् । भिक्षुणी संघमित्राले भारत स्थित बुद्धगयाको बोधिवृक्ष डुंगामा राखी श्रीलंकामा पुऱ्याउनु भएको थियो । बोधिवृक्षलाई आदरपूर्वक स्वागत गर्नको लागि श्रीलंकाका राजा देवानांपियतिस्सले समुद्रको पानीमा आधा शरीर भिज्ने गरी पर्खिरहेका थिए । बोधिवृक्ष श्रीलंका पुग्ने बित्तिकै श्रीलंकाका राजाले आदरपूर्वक बोधिवृक्षलाई स्वागत गर्दै देशमा भित्र्याई श्रीलंकाको तत्कालीन राजधानीमा रोपिएको थियो । भनिन्छ श्रीलंकामा राजा देवानांपयतिस्सको राज्याभिषेक भएको समयमा सम्राट अशोकले उनलाई अनेक उपहारहरू पठाउनुभई "म बौद्ध बनिसकें त्यसैले तपाईं पनि बुद्ध अनुयायी बन्नुस्" भनी सन्देश पठाउनु भएको थियो रे ।

यसरी सम्राट अशोकले नेपालमाताका छोरो भगवान् बुद्धको शान्ति सन्देशलाई विश्वमा छर्न मेहनत गर्नुभएको थयो । तर आज बुद्ध माता नेपालले आफ्नो सुपुत्र गौतम बुद्धको तर्फबाट फैलिएको बस शान्ति सन्देशलाई आफ्नो काखमा जोगाइराख्न सकिराखेकी छैन । उनी शान्तीलाई जोगाउन आतुर भइसकिन् । हामी आफै उनकी अज्ञानी र वेहोशी सन्तानहरू भई उनको चित्त दुखाउन पछि परेनौं । त्यसैले समयमा होश थामी हामी सबै नेपाली दाजुभाई दिदी बहिनीहरूले नेपाल आमाको कामनालाई सिघ्रातिसिघ्र पूरा गर्नुपरेको छ । त्यसैले हामी बीचमा रहेको आपसी वैमनस्यता र स्वार्थी प्रवृत्तिलाई हटाई एक आपसमा मैत्रीपूर्ण भ्रातृत्व, मेलमिलाप, एकता र सौहार्दता कायम गर्न सकेमा मात्र नेपाल आमाको इच्छा पूरा हुनेछ । सकेसम्म नेपालमा शान्ति फैलिएर नेपाल आमाको इच्छा पूरा होस् । वि.सं. २०६५ साल नयाँ वर्षको यही शुभकामना रहेको छ ।



Downloaded from http://www.dhamma.digital

# चारवर्ण व्यवस्थामा शुद्धि

■ सत्यनारायण गोयन्का

लोक कल्याणको लागि शील, समाधि र प्रज्ञा द्वारा विकृत हुँदै गएको धर्मको पुर्नस्थापना गर्नु अति आवश्यक थियो । धर्म विकृत हुनुको एउटा मूख्य कारण जन्मको आधारमा समाजलाई चारवर्णमा विभाजित गर्नु थियो । जसबाट समाजमा धर्म कम हुँदै गएर जाति र वर्ण व्यवस्थालाई अधिक महत्व दिन थालेको थियो । त्यसैले चारवर्ण व्यवस्थालाई शुद्ध गर्नु अति आवश्यक थियो ता कि व्यक्ति व्यक्तिको र समाज-समाजको कल्याण गर्न सकियोस् । यस मान्यताको कारण अनेक व्यक्तिहरूले अज्ञानता पूर्ण मोह-मूढताको कारण आफ्नो हानि गरिरहेथ्यो । जाति, धन र गोत्रको अभिमानले भरिपूर्ण व्यक्ति मनुष्य जातिका अन्य व्यक्तिहरूलाई अपमान गर्दथ्यो जसको कारण ऊ स्वयं अधो: पतनका कारण बनिरहेको थियो ।

हुनत यस्तो मोह-मूढता आज पनि समाजमा पाइन्छ तर भगवानको समयको समाजमा यो मान्यता अधिक प्रबल थियो । त्यस समय समाजको अधिक व्यक्तिहरूमा जाति, गोत्र र धनको अभिमान थियो । यस्ता व्यक्तिहरू आफ्नो अहंकार पूर्ण अज्ञानको कारण सद्धर्मलाई बुझ्दै बुझ्दैन, आफूले धारण गर्नु त टाढैको कुरा भयो । यस्ता व्यक्तिहरू आफू त सद्धर्मबाट टाढा रहन्छन्, उनीहरूले समाज र राष्ट्रलाई पनि ठूलो नोक्सान गर्छन् । समाजको एक वर्गलाई अत्यन्त तलको मानेर तिनीहरूको घोर अपमान गर्दथ्यो, तिनीहरू माथि शोषण गर्दथ्यो । ता कि ती वर्ग पीढी-दर-पीढी जहिले पनि तल्लो जाति नै बनीरहून् र अन्य व्यक्तिहरूको सेवा गर्नु नै आफ्नो धर्म थानिरहुन् । यस्तो दुर्गन्धित दूषित वर्ण-व्यवस्थालाई समाजबाट हटाउन भगवानले प्रयत्न गर्नु भयो ।

भगवान तथागतको करुणा समाजका चारै वर्णका व्यक्तिहरूमा समान रूपले थियो । ब्राह्मण र क्षेत्रिय आफूहरूलाई उच्च वर्ण थानेर जातिय अभिमानबाट भरि पूर्ण थियो । शताब्दियौं देखि दुबै वर्णमा एक अर्को भन्दा उच्च कोटी सावित गर्ने द्वन्द चलिरहेको थियो । वैश्य धन कमाउनमा नै व्यस्त थियो । शूद्र शताब्दियौं देखि चल्दै आएको यस दूषित व्यवस्थाको कारण अत्यन्त हीनभावले ग्रष्त थिए । उनीहरू आफ्नो भलाई उद्धारको बारेमा सोच्न पनि पाउँदैनथे । उनीहरूले चिताएको पनि थिएन कि यसै जीवनमा ब्राह्मण बन्न सक्छन् भनेर । तथागतले चार वर्णको यस परम्परालाई शुद्ध गर्ने एउटा ठूलो कदम उठाउनु भयो । जन्मको कारण उच्च या नीचको भेदभाव नहुने एउटा समाजको गठन गरेर देखाउनु भयो । यस्तो धर्म पूर्ण समाजमा कर्मद्वारा कोही उच्च हुन्थ्यो कर्म द्वारा नै कोही नीच हुन्थ्यो । जो कर्मको कारण आज तल्लो भए पनि कर्मलाई सुधार गरेर यसै जीवनमा उच्च अथवा समाजमा पूज्य व्यक्ति बन्न सक्छ । पुरातन प्राचीन युगमा प्रचलित यस शुद्ध सर्वहितकारी सद्धर्मलाई पूर्नजिवित गर्नु थियो सारा समाजलाई पुन:उद्धार गर्नु थियो । उहाँको अपरिमित करुणा पूर्ण चित्तले जीवनभर यही गर्नु भयो ।

त्यस समयका कोही कोही ब्राह्मण त्यस पुरातन वर्ण परम्परालाई राम्ररी बुझ्दथे । र समाजमा प्रचलित विकृत परम्परालाई हटाउने प्रयत्न गर्दथे । ऋषि असित देवल त्यस समयका अत्यन्त प्रसिद्ध र पूज्य ब्राह्मण थिए । भगवान बुद्धको पिता शुद्धोदनको पुरोहित पनि थिए । उनी समस्त ब्राह्मण शास्त्रमा पारंगत हुनुका साथै आठौं ध्यानमा पनि पोष्ट थिए । अनेक अभिज्ञान (सिद्धिहरू) प्राप्त ऋषि पनि थिए । एक पटक सात जना ब्राह्मण ऋषिहरूको यसै मिथ्या मान्यतालाई हटाउने उनले प्रयत्न गरेका थिए ।

आफ्नो लामो कपाल र दाढी - जुंगा काटेर गेरू वस्त्र ओडि श्रमण जस्तो भेष धारण गरे । खुट्टामा खडाऊँ लमाएर, हातमा सुन र चाँदीको लौरो बोकेर सात ब्राह्मणहरू तपस्या गरिरहेको ठाऊँमा गए । ती ऋषिहरूको आश्रम बाहिर खडाऊँको आवाज निस्किने गरि हिंडिरहे र ठू-ठूलो स्वरमा कराए कि "यी ब्राह्मण ऋषिहरू कहाँ गए ?"

सातै ब्राह्मण ऋषिहरू आ-आफ्नो कुटियाबाट बाहिर निस्के र उनको अभद्र व्यवहारदेखि चूर भएर श्राप दिन थाले कि, "हे ! चाण्डल तँ भष्म होस्, तँ भष्म होस् ।"

तर जब जब असित देवललाई श्राप दिए उनी झन् झन् सुदर्शनीय हुन्थ्यो, सुन्दर हुन्थ्यो । यस्तो देखेर ऋषिहरू आश्चर्य भए । उनीहरूले सोचे कि उनीहरूको तपस्या क्षीण भयो, निष्फल भयो । पहिला भए उनीहरूले दिएको श्राप तुरून्त लागदथ्यो तर अब उल्टो हुँदैछ । उनीहरूलाई दु:खी देखेर ऋषि असित देवलले भने "तिमीहरूको तप क्षीण भएको होइन, तिमीहरूको मनमा

रहेको द्वेष हटाऊ र मैले भनेको कुरा सुन ।" उनीहरूले आफ्नो द्वेषलाई कम गरे र ऋषिको परिचय सोधे । उनको परिचय जानेर उनलाई श्रद्धापूर्वक अभिवादन गरे ।

ब्रह्मर्षि असित देवलले सोधे- "के तिमीहरूको मनमा ब्राह्मण सबभन्दा श्रेष्ठ छ किनकि ऊ सुजात हुन्छ, र सात पुस्तासम्म जातिवादको नियम अनुसार उनीहरूमा शुद्ध रगत छ भन्ने थानेका छौ ?"

उनीहरूले स्वीकार गरे कि हाम्रो यही मान्यता छ । ब्रह्मर्षिले सोधे कि "तिमीहरू यकिन पूर्वक भन्न सक्छौ कि आमा बुबाका सात पीढीसम्मका सबैले ब्राह्मणसंग नै सहवास गरेका थिए, अब्राह्मण संग गरेको थिएन ?"

-"यो त यकिन छैन ।"

-"त्यसो भए यो भन कि तिम्रा आमा तथा बजैहरूले जब गर्भाधान गर्दा जन्म लिनको लागि पेटमा आउने प्राणी के त्यो पूर्व जन्ममा पनि ब्राह्मण नै थियो, अब्राह्मण थिएन ?"

-"ब्रह्मर्षि यो त हामीलाई थाहा छैन ।"

-"त तिमी स्वयं को हौ ? ब्राह्मण या अब्राह्मण ? साँच्चै नै हामी वास्तवमा को हौं भन्न नसकिने रहेछ भन्ने उनीहरूले महसुस गरे । यसरी बुद्धि लगाएर ब्रह्मर्षि असित देवलले ती सात ऋषिहरूको जातिय अभिमान तोडे ।

अशुद्धि केवल ब्राह्मणहरूमा मात्र थिएन । सबैतिर फैलिएको थियो । अशुद्धिको अर्थ चित्त विकारयुक्त हुनु हो । शुद्धिको अर्थ चित्त विकारमुक्त हुनु हो । चित्तमा विकार त सबैमा थियो अशुद्धि सर्व ब्यापी थियो र यो अशुद्धि कहिले देखि शुरू भएको थाहा छैन । तृष्णाको बन्धनमा बाँधिएर यस भव संसारमा मानिसहरू कहिले देखि दौडिरहेका छन् पत्तो छैन । चित्त धेरै समयदेखि राग र द्वेषले मैलो भइसकेको छ । चित्त मैलो भयो भने प्राणी मैलो हुन्छ । चित्त शुद्ध भयो भने प्राणी विशुद्ध हुन्छ । चित्त शुद्धि नै विकार विमुक्ति हो, विकार विमुक्ति नै भवविमुक्ति हो । मानिसहरूलाई दु:ख विमुक्ति गर्न, भवविमुक्ति को विद्या बाँड्नका लागि नै भगवान् सम्यक सम्बुद्ध बनेको थियो । उहाँले कसै माथि कहाँ पक्षपात गर्नु हुन्छ ? हुनत समस्त जनसंख्यामा ब्राह्मणहरूको संख्या कम थियो र पनि यो समूह समाजमा अग्र थियो, किनकि यस वर्गका अधिक संख्या शिक्षित थिए । समाज को यो वर्ग सानो तर अत्यंन्त बुद्धिशाली थियो । भगवान् बुद्धको शिक्षा न्यायसंगत, बुद्धिसंगत र युक्तिसंगत थियो । अत: अधिक भन्दा अधिक बुद्धिमान व्यक्तिहरू भगवानको सम्पर्कमा आए । कतिपय मानिसहरू भगवान्संग तर्क गर्न आउँथे, उनको विरोध गर्न आउँथे । तर भगवानको कुरा तर्कसंगत कल्याणकारिणी लाग्थ्यो र उनको शिक्षा स्वीकार गरेर आफ्नो चित्त विशुद्धि गर्ने कार्य गर्दथ्यो । भगवानले त संधै अरुको कल्याणको लागि, अन्यको चित्त विशुद्धिको लागि नै उपदेश दिनु हुन्थ्यो । उहाँको शिक्षा कुनै एक वर्णको लागि, एक जाति अथवा एक गोत्रको लागि मात्र थिएन । उनको शिक्षा चारै वर्णका ब्यक्तिहरूको विशुद्धिको लागि उपयुक्त थियो । त्यसैले उनको शिक्षालाई चातुवर्णी विशुद्धि पनि भनिन्छ ।

वास्तवमा समाजको वर्ण ब्यवस्था दूषित भएको थियो । अधार्मिक भएको थियो । अत: त्यस ब्यवस्थालाई धर्ममा आधारित गर्नु थियो, लोक कल्याणको लागि विशुद्ध गर्नु थियो । पुरानो परम्परा अनुसार विशुद्ध चित्त भएको ब्यक्तिलाई ब्राह्मण भनिन्थ्यो । अशुद्ध चित्त भएको ब्यक्तिलाई नै शुद्र भनिन्थ्यो । यो आदर्श परम्परा धर्ममा आधारित थियो । अत: अत्यन्त कल्याणकारिणी थियो तर जब यसमा जातिवाद जन्मवादले प्रवेश गर्‍यो तब यो ब्यक्ति-ब्यक्तिको लागि र समाज-समाजको लागि हानिकारक हुन गयो । अत: भगवान यस बिग्रेको वर्ण ब्यवस्थालाई सुधार गर्नुमा प्रयत्नरत् हुनुहुन्थ्यो । समाजका सबै ब्यक्ति शील, समाधि र प्रज्ञामा आकर्षित होउन् र त्यस मार्गमा अघि बढेर आफ्नो कल्याण गरुन् भन्ने चाहनुहुन्थ्यो ।

भगवानको यस विशुद्धि मार्गलाई कोही पनि समभ्रुदार ब्यक्तिले विरोध गर्न सक्दैनथ्यो । उनीहरूले त धर्मलाई तुरुन्त अपनाउँथे । तर जातिवादको मैलोले जो ग्रस्त थिए उनीहरूले त आफ्नो अहमभावलाई पोष्ट गरिराखेका थिए । भगवानको यस विशुद्धिकरणको अभियानले उनीहरू रन्ठनिएका थिए । उनीहरूको मनमा भूईचालो आइरहेको थियो । तर भगवानको कथन तर्क संगत थियो । उनीहरू इच्छा गरेर पनि भगवानसंग तर्क गर्न सक्दैन थिए । जहाँ शुद्ध धर्मको कुरा हुन्छ त्यहाँ के को विवाद गर्ने ? जस्ले आँट गरेर भगवानसंग विवाद गर्न जान्थे उनीहरू शुद्ध धर्म पाएर आफू मुक्त हुने अवसर पाउँथे । आफूलाई शुद्ध गर्ने अवसर पाउँथे ।

*(साभार : विपश्यना वर्ष १८ अङ्क ९, पौष २०५८ त्रिपिटकमें सम्यक सम्बुद्ध- भाग-१)*



Downloaded from http://www.dhamma.digital

# धम्मपद-२०८

रीना तुलाधर (बनिया) 'परियत्ति सद्धम्म कोविद'

**वनं छिन्दथ मा रुक्खं – वनतो जायती भयं**
**छेत्वा वनञ्च वनथञ्च – निब्बाना होथ भिक्खवो**

अर्थ- भिक्षुहरू वन छेदन गर तर रुख होइन वनबाट भय हुन सक्छ, त्यसैले वन पनि झाड पात पनि छेदन गरेर निर्वाण प्राप्त गर ।

**यावं हि वनथो न छिज्जति, अणुमत्तो पि नरस्स नारिसु**
**पटिवद्धमनो व ताव सो, वच्छो खीरपको व मातरि**

अर्थ- झाड पात छेदन नगरेसम्म, अणु मात्र पनि पुरुषको चित्त स्त्रीप्रति प्रतिबद्ध भएसम्म, बाछाले दूध खान मातासँग आवद्ध रहने जस्तै त्यो व्यक्ति आवद्ध रही रहन्छ ।

घटना- उपरोक्त गाथाहरू भगवान बुद्धले जेतवन विहारमा बस्नु हुँदा केही वृद्ध भिक्षुहरूको कारणमा भन्नु भएको थियो ।

ती वृद्धहरू श्रावस्तीका धनी सम्पन्न परिवारकै थिए । एक आपसमा खूब मेल मिलाप थियो । असल राम्रै काम गरेर जीविका गर्थ्यो । भगवान् बुद्धको उपदेश सुनेपछि आ-आफू बिच सल्लाह गरे- "हामी वृद्ध भई सक्यौं । घर बसेर के गर्नु ।" सल्लाह अनुसार भगवान् बुद्धकहाँ गएर प्रव्रज्या मागी प्रव्रजित भए । वृद्ध भइसकेकोले तिनीहरूले राम्रोसंग धर्म अध्ययन गर्न सकेनन् । आ-आफ्नै मिली विहारकै छेउमा एउटा झोपडा बनाई बस्न थाले । भिक्षा जाँदा आ-आफ्नै पुरानो घरमा छोरा छोरी पत्नीहरूकहाँ भिक्षा गई खाने गरे ।

ती मध्ये एक भिक्षुको पुरानो पत्नी मधुरपाचिका भन्नेले उनीहरूलाई आफूसँग भएको खाना तरकारी दिने गर्थे । उनीहरूलाई चाहिंदो कुरा दिएर उपकार गर्थे । दिन बित्दै गयो । एकदिन कुनै रोग लागेर मधुरपाचिकाको अचानक मृत्यु भयो । दिन बित्दै गयो । ती वृद्ध भिक्षुहरू झोपडीमा जम्मा भई विलाप गरीरहे । "हामीलाई राम्रो मीठो मसिनो खानादिने उपकारी उपासिका मरिन्" भनिकन एक अर्काको काँधमा परी रोई रोई विलाप गरीरहे ।

उनीहरू रोएको आवाज सुनेर त्यहाँ आएर । "के भयो" भनी सोधपुछ भएपछि तिनीहरूले जवाफ दिए "हामी मध्येको एक भिक्षुको पुरानो पत्नी हामीलाई उपकार गर्ने मरिन् । उनी जस्ती अर्को पाउने छैन । त्यसैले रोईरहेको ।"

वृद्ध भिक्षुहरूको यो कुरालाई लिएर भिक्षुहरूको बिचमा कुरा चली रह्यो । त्यतिबेला भगवान् बुद्ध त्यहाँ आईपुग्नु भयो । उहाँले सोध्नु भयो- "भिक्षुहरू अहिले तिमीहरूको बिचमा के कुरा चलीरहेको छ ?" भिक्षुहरूले वृद्ध भिक्षुहरूको कुरा बताएपछि तथागतले भन्नुभयो - "भिक्षुहरू तिनीहरू अहिले मात्रै होइन पहिले कागको योनीमा जन्म हुँदा पनि पोथी कागलाई समुद्रबाट निकाल्न भनी धेरै कष्ट भोगेर आएका हुन् भनी" काक जातक कथा सुनाउनु भयो । त्यसपछि भगवान् बुद्धले भिक्षुहरूलाई सम्बोधन गरी भन्नुभयो - "हे भिक्षुहरू ! राग, द्वेष र मोह रूपि जङ्गलको कारण तिमीहरू यस्तो दुःखमा पुग्न आएका छौ । यो जङ्गल काट्न योग्य छ । यस्तो प्रकारले दुःखबाट मुक्त हुन सक्नेछौ भनीकन उपरोक्त गाथाहरू भन्नुभयो ।

धर्मदेशनाको अन्तमा वृद्ध भिक्षुहरू श्रोतापति फलमा प्रतिष्ठित भए । ■

## जीवन !

■ बुद्धरत्न शाक्य 'का'

*यच्चुक पिच्चुक सुच्चुक*
*किल थ्व धरतिं जीवन ।*
*जिगु जुयानं जिगु मजूगु*
*गुलि अजूयाःगु जीवन ॥*

*मेसिइकनं जि जिगु धाय् लागु*
*पित्या व ल्वय् ख्वय् क्षण् क्षण् ।*
*काँ खू धुसीनं लिइगु मत्वःतूगु*
*जि जिगु दुनेया जीवन ॥*

*मयल् छकः चां छ्वयेत वनानं ।*
*मायानं बनावल जीवन ।*
*सुनानं छुं यायेत वलसं ।*
*ग्यानानं वल थ्व जीवन ॥*

*स्वीतं छुं थाये यायेत सनेकं ।*
*किरोपा लिसः थ्व जीवन ।*
*मौन शान्ति क्षांति समर्पण ।*
*स्वहँया चौ थ्व जीवन ॥*

# पापको पिता

■ नरेन्द्रनाथ भट्टराई

हामी सबैले पाप भनेको कुरा सुनेका छौं, आ-आफ्नो ढंगले पापको व्याख्या पनि गरेका छौं अनि नर्कको यातनाको वर्णन पनि सुनेका छौं, पढेका छौं। छोटकरीमा पाप के हो भन्ने हो भने, जो जे जस्ता काम कारवाही गर्दा अरूलाई पनि दु:ख हुन्छ तथा आफू उपर पनि दु:ख कष्ट आइपर्दछ त्यस्तालाई पाप भन्दछन्। सरल अर्थमा यति मात्र भने पनि हुन्छ, गर्न नहुने काम गर्नु, अर्थात् अर्कालाई दु:ख दिनु, चोरी गर्नु, असत्य बोल्नु, हिंसा गर्नु आदि पाप कार्य हुन्। यस्ता पापको उत्पत्ति कहाँबाट कसरी हुँदोरहेछ त ?

एकजना विद्वान् ब्राह्मणका छोराले २० वर्षसम्म गुरुकुलमा बसेर सबै विषयमा अध्ययन पूरा गरेर घरमा आई पितालाई ढोगिदिंदै सबै प्रमाणपत्र देखाए। पिताले छोरालाई आशीर्वाद दिंदै सोधे, "बाबु! तिमी सबै विषयमा पारंगत भएछौ, एउटा प्रश्नको जवाफ देऊ त ? पापको पिता को हो ?" छोरा अक्कबक्क भए। सबै शास्त्र सम्भे, तर कहीं पनि यस प्रश्नको उत्तर उल्लेख भएको सम्झेनन्। एक एक पाना पल्टाए तर कतै भेटेनन्। अनि पिताले, "जाऊ यो प्रश्नको उत्तर पत्ता लगाएर आऊ अनि मात्र तिमी यो घरभित्र बस्न पाउने छौ" भनी छोरालाई पठाइदिए। छोराले फेरि गुरु भएठाउँमा गएर सोधे। तर गुरुले पनि "ख्वै, यो प्रश्नको उत्तर त कुनै शास्त्रमा पनि लेखेको छैन" भनेपछि त्यहाँबाट उनी त्यो प्रश्न गर्दै धेरै ठाउँमा गए, धेरै पण्डित, विद्वान्हरूसँग सोधे तर कसैले पनि उत्तर दिन सकेनन्। उत्तर नलिई पिताजीकहाँ जाने पनि कुरै भएन। कतै उत्तर भेटिन्छ कि भन्दै बनारसको गल्लीमा हिंड्दै थिए, त्यहाँ एउटा नगरबधूले तिनलाई देखेर, "तपाई को हुनुहुन्छ, कता जाँदै हुनुहुन्छ ?" भनी सोधिन्। ब्राह्मणपुत्रले आफूले जान्न खोजेको प्रश्न सुनाएर "तपाई को हुनुहुन्छ नि ?" भनी सोधे। "म नगर बधू (वेश्या) हुँ। म आफ्नो शरीरको व्यापार गरेर जीवन चलाउँछु, आउनुहोस्, तपाई विद्वान ब्राह्मण हुनुहुँदो रहेछ। मेरो घर पवित्र गरिदिनुहोस्, म तपाईंको सेवा गर्छु भनिन्। ब्राह्मण भएर यस्तो पतितको घरमा जानु ठीक छैन भनी मनमनमा विचार गरेर ब्राह्मणपुत्र अघि बढ्न मात्र के लागेका थिए ती नगरबधूले एउटा स्वर्णअसर्फी ब्राह्मणपुत्रको हातमा राखिदिएर, "भित्र मात्र आइदिनुस्, अरू केही गर्नुपर्दैन मेरो घर पवित्र हुन्छ, यो असर्फी तपाईंलाई दिन्छु" भनीन्। ब्राह्मणपुत्रले यसो सोचे, 'भित्र मात्र गएर त के भयो र। एउटा असर्फी पाएमा त यहाँको खर्च पनि मजासँग टरिहाल्ने भयो।' यति विचार गरी नगर बधूको घरभित्र पसे। भित्र लागेर पलङ्गमा बस्ने आग्रह गरिन्। ब्राह्मणपुत्र हिचकिचाए, ब्राह्मण भएर 'कसरी वेश्याको पलङ्गमा बस्ने' भनी भन्दा अर्को एक असर्फी दिंदै 'बसेर मात्र के भयो र, पलङ्गमा आरामले बसिदिनुस् र म पतितको उद्धार गरिदिनुस्' भनिन्। बसेर मात्र के भयो त भनी अर्को असर्फी खल्तीमा राखेर पलङ्गमा बसे। त्यसपछि नगरबधूले खाना लिएर आइन् र खाना ग्रहण गर्न आग्रह गरिन्। ब्राह्मणपुत्रले मानेनन्। म एउटा अर्को असर्फी दिन्छु, खाना खाइदिनुस् भनी बिन्ती गर्दा ब्राह्मणपुत्रले खानासम्म खाएर के भयो र भन्ठानी खाना पनि ग्रहण गरे। तत्पश्चात् नगरबधूले अर्को असर्फी दिने लालसा देखाएर उनको काखमा बसेर उनको हातमा खाना ख्वाउन आग्रह गरिन्, सो पनि स्वीकार गरेर काखमा बसेर नगर बधूको हातबाट ब्राह्मणपुत्रले खाना खान, "आँ" मात्र के गरेका थिए। नगरबधूले गालामा जोडसँग चड्कन दिइन्। 'किन पिटेको ?' भनी ब्राह्मणले भन्दा नगरबधूले भनिन् 'ब्राह्मणपुत्र! यही तिम्रो प्रश्नको उत्तर हो।' 'कसरी ?' भनी ब्राह्मणले सोद्धा उनले भनिन् "हेर, तिमी त्यत्रो विद्वान ब्राह्मणपुत्र भएर पनि एक असर्फीको लोभमा म जस्ती वेश्याको घरभित्र पस्यौ। अर्को असर्फीको लोभमा खाटमा बस्यौ। अर्को लोभमा खान तत्पर भयौ। अनि मजस्ताको हातबाट खाना खान समेत अघिसर्‍यौ। अरू असर्फी पाउँदै गएको भए अझ अरू के के गर्न अघि सर्थ्यौ होला। यही लोभ हो पापको पिता।" आफ्नो प्रश्नको सही उत्तर पाएर नगरबधूप्रति अहोभाव प्रकट गर्दै ती ब्राह्मणपुत्रले लोभलाई सदाको लागि विसर्जन गरेर फर्के।

हामीले पनि पापको बारेमा सुनेर, पढेर र, त्यसबाट बच्न खोजेर मात्र पुग्दैन। पापलाई जन्म दिने बाबु लोभ हो रहेछ भन्ने जानेर लोभलाई चिनेर त्यसलाई हटाउन सक्यौं भने मात्र सदाको लागि पापबाट बच्न सक्ने छौं। ■



Downloaded from http://www.dhamma.digital

# योग अभ्यास विधि - भाग ३६

रेकी, योगा शिक्षक एवं प्रा.चि.डा. गोपाल प्रधान
*रेकी वैकल्पिक उपचार केन्द्र, दिव्यज्योति समूह नेपाल, भोटाहिटी, काठमाण्डौ, फोन नं: ४२२४०८५*

## के हो 'रेकी' उपचार ?

गत अंकमा तपाईंहरूलाई के हो रेकी उपचार ? पद्धति अन्तर्गत आहारका बारेमा जानकारी प्रस्तुत गरेका थियौं। सोही अनुरूप गर्मी मौसममा ताजा फलफूल एवं फलफूलको रस सेवन गर्नाले पनि स्वस्थ बन्न सकिन्छ भन्ने बारे केही जानकारी प्रस्तुत गरेका छौं।

अब नेपालमा गर्मी मौसम शुरुहुन लागेको छ। गर्मी मौसममा निरोगी बन्न ताजा फलफूलको परीकार एवं फलफूल नियमित खानु पर्दछ सोहि अनुरूप केहि जानकारी प्रस्तुत गर्न लागेको छु। गर्मी मौसममा प्राय: सबैले चिसो पेय पदार्थ मन पराउँदछ र कृत्रीम तरीकाबाट तयार गरिएको पेय पदार्थहरू सेवन गर्दछ जसबाट विभिन्न प्रकारको रोग लाग्न सक्दछ। तर ताजा फलफूल बाट तयार गरिएको रसलाई पेय पदार्थको रूपमा लिने हो भने देखि रोग लाग्नबाट बच्न सकीन्छ। प्राकृतिक फलफूलबाट तयार गरिएको पेय पदार्थबाट कतिपय रोग नियन्त्रण एवं निदान गर्न सकिन्छ। आधुनिक रहनसहनका कारण कतिपयले फलफूल छोडाउनु केलाउन र रस निकाल्न झर्को मानेर तयारी पेय पदार्थ प्रयोग गर्दछन्, जसबाट बालबालिकाहरूको रोगप्रतिरोधात्मक शक्तिमा ह्रास आई विभिन्न प्रकारको रोग लाग्नुका साथै स्मरण शक्तिको पनि कमजोरी आई अध्ययनमा कमजोर बन्दछन्। यसैकारण बालबालिकालाई तयारी पेय पदार्थ खाजाको दिनु भन्दा ताजा फलफूल र फलफूल रस सेवन गराउनुपर्दछ। तयारी पेय पदार्थ हानिकारक हुनुका साथै महंगो पनि हुन्छ। जसले गर्दा फजुल खर्च बढ्दछ। साथै यस्तो खाद्यपदार्थको उपभोग गर्नाले आवश्यक पौष्टिक तत्वको अभावमा कुपोषण हुन सक्छ।

धार्मिक र सामाजिक कार्य बाहेक फलफूलको पौष्टिक महत्व पनि छ। ताजा फलफूल स्वास्थ्यको लागि बढी उपयोगी हुने भएकोले व्यक्ति स्वस्थ रहन मौसम अनुसार कुनै न कुनै प्रकारको फलफूल दैनिक भोजनमा समावेश गर्नुपर्छ। फलफूल शिशुदेखि वृद्ध, विशेष अवस्था जस्तै - गर्भवती, सुत्केरी र बिरामीसम्मका लागि अति आवश्यक पर्ने खाद्य वस्तु हो।

हुनत शिशुका लागि आमाको दूध अति उत्तम खाद्य पेय पदार्थ हो। तर हाल आफ्नो सौन्दर्यमा खलल पर्छ भन्ने डरले प्राय:माताहरूले स्तनपान गराउन कंजुस्याई गरेको पाइन्छ, त्यस्तै स्तनपानका साथै शिशुलाई ताजा फलको रस सेवन गराउनु अति उत्तम हुन्छ। यसैगरी गर्भवती, सुत्केरी र भर्खर बिरामी भएर निको भएको अवस्थामा हरीयो सागसब्जीको साथै फलफूलको रस दैनिक भोजनमा समावेश गर्न जरूरी हुन्छ। दैनिक भोजनमा समावेश गरिने तरकारीमध्ये फलफूलको मात्रा बराबर हुन अति उत्तम हुन्छ। गर्भवती अवस्थामा एकातिर गर्भमा रहेको शिशुको लागि थप पोष्टिक तत्व आवश्यक हुन्छ भने अर्कातिर रगतमा रहेको हेमोग्लोविन बन्नको लागि आवश्यक पर्ने खनिज पदार्थ, लौहतत्व र भिटामिन "सी" को पूर्ति हुन्छ। फलफूलबाट खनिज पदार्थ, लोहतत्व र भिटामिन "सी" प्राप्त गर्नुका साथै शरीरलाई अवश्यक विटा-क्यारोटिन (भिटामिन "ए") एवं भिटामिन "बी", भिटामिन "ई" जस्ता भिटामिनहरू पनि प्राप्त गर्न सक्दछौं। जसबाट रोगप्रतिरोधात्मक शक्ति वृद्धि भई हामीलाई रोग लाग्नबाट रोक्दछ। यहाँ म फलफूलको मिक्स सलादको बारेमा केहि जानकारी प्रस्तुत गर्न लागेको छु।

***फलफूलको मिक्स सलादको लागि आवश्यक सामाग्री :***

| | | |
|---|---|---|
| स्याउ | - | १ वटा |
| [illegible] | - | २०० ग्राम |
| काक्रो | - | २०० ग्राम |
| स्ट्रावेरी | - | २०० ग्राम |
| काक्रो | - | २०० ग्राम |
| पनिर | - | १२५ ग्राम |
| ओखर | - | ३/४ वटा (दाँते) |
| फ्रेस क्रिम | - | १०० ग्राम |
| मह वा शख्खर | - | आवश्यकता अनुसार |
| नुन | - | स्वादको लागि |
| दही | - | आधा कप |
| कागतीको रस | - | १ चिया चम्चा |

***बनाउने विधि :***


सर्वप्रथम सबै फलफूललाई पखालेर ठिक्कको टुक्रा बनाउनुहोस् र कागतीको रस मिसाएर हल्का चलाउनुहोस्। एउटा भाँडोमा (बाउल) फ्रेस क्रिम हालेर राम्ररी फेट्नु होस्, दही र मह वा शख्खर राखेर फेरी राम्ररी फेट्नु होस्, तत्पश्चात केहि बेर (आधा घण्टा) सेट हुन दिनु होस्, यसका लागि फ्रिजमा पनि राख्न सक्नु हुन्छ। त्यसपछि क्रिमको पेस्टमा काटेको फल राखेर हल्का चलाउनु होस्, चलाउनु अगाव स्वादको लागि नुन र पनिर राखेर चलाउनु होस् र माथिबाट गाँजरको भुजिया आदि राखेर ड्रेसिङ गर्नु होस्।

यसरी तयार गरिएको सलाद बढा भिटामिनहरू पाउनाका साथै केहि प्रोटिन पनि प्राप्त गर्न सक्नु हुनेछ। जो शरीरका लागि अति नै लाभदायक हुन्छ।

नोट : मधुमेहका रोगीले गुलीयो फल नराखी अमीलो फल मात्र राखी सलाद तयार गर्न सकिन्छ।

# श्रद्धाञ्जली

अनिच्चावत संखारा उप्पादवय धम्मिनो,
उपज्जित्वा निरुज्झन्ति तेसं ऊपसमो सुखो



## दिबंगत - सानुकाजी शाक्य

जन्म - १९८३ बैशाख शुक्ल पक्ष दशमी तिथी
मृत्यु - २०६४ फागुन शुक्ल पक्ष नवमी तिथी

बोली भन्दा व्यवहारलाई महत्व दिने, सामाजिक कार्यलाई नै आफ्नो जीवनको लक्ष र कर्म बनाई जीवनभर लाग्नु हुने श्री सानुकाजी शाक्य सदाको लागि यस संसारलाई त्यागेर जानु भएको छ । उहाँको गुणानुस्मरण गर्नुका साथै यस दुःखद घडीमा उहाँको सपरिवारलाई धैर्य धारण गर्न सकुन् भनी श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**स्वयम्भू चैत्य महाविहार**

धरान १२



Downloaded from http://www.dhamma.digital

# मन वचन र शरीरको कर्म संयमित हुनु आजको आवश्यकता

■ शिशिल चित्रकार

आज हाम्रो देश समाजको यावत क्षेत्र - आर्थिक, राजनैतिक, शैक्षिक, प्रशासनिक, उद्योग र व्यापारिक, न्यायिक, सामाजिक क्षेत्रमा विकृति विसंगती, भ्रष्टाचार अनैतिकता बढेको छ । यो हुनको कारणमा समाजका कुनै पनि क्षेत्रमा कार्य गर्ने व्यक्तिको इच्छा क्षमता भर पर्दछ । कुनै पनि नतिजा विना कारण आउँदैन । यसमा कार्य कारण तथा कारणनै कार्य हुन जान्छ । आज व्यक्तिको नैतिकताका सवाल, धार्मिकपनलाई पन्छाएर अन्य कारणलाईमात्र इंगित गरेर वास्तविक समस्या समाधान हुन सक्दैनन् ।

सर्वसाधारण जनताले आजको देश समाजको यो हाल हुनमा प्रशासन र नेताहरूको खराबमात्र देख्नु भनेको आफ्नो धरातल, हैसियत, आधारशिला नबुझेकोले हो भन्न सकिन्छ । कुनै नेता, उच्च प्रशासक वर्ग "अन्य लोकबाट" आएको हो र स्वच्छ, क्षमतावान हुन सकुन् । व्यक्ति आफ्नो कर्म र विपाकले गर्दा आफूलाई सुहाउने घर, समाज, वातावरणमा जन्म लिन जाने हुन्छ भने हामी आज जुन सामाजिक वातावरण आवोहवामा हुर्क्यौं त्यो आ-आफ्नै सिद्धान्तको व्याख्याको क्रममा भन्नु भयो ।

**इमस्मिं सति इदं होति** = यो कारण हेतुधर्म रहेमा यो फल कार्यधर्म रहन्छ ।

**इमस्सुप्पादा इदं उप्पज्जति** = यो कारण हेतु धर्मको उत्पतिको कारणले यो कार्य फलधर्म उत्पन्न हुन्छ ।

**इमस्मिं असति इदं न होति** = यो कारण हेतुधर्म नरहेमा यो कार्य फल धर्म रहन्न् ।

**इमस्स निरोधा इदं निरुज्झति** = यो कारण हेतुधर्मको निरोधको कारणले यो कार्य फलधर्म निरोध हुन्छ । आज देश समाजका व्यक्तितरूको चरित्रको कारणले नै आजको यो अवस्था कार्य फल उत्पन्न भएको हो भने यो अवस्थाबाट पार लाउन पनि चरित्रमा सुधारनै आवश्यक छ ।

भगवान् बुद्धले व्यक्तिहरूलाई मन वचन संयम र सदाचरणको शिक्षा दिनु भयो । अब यसको महत्व बुझ्न धम्मपदको निम्न श्लोक राख्नु सान्दर्भिक थान्दछु ।

**कायप्पकोपं रक्खेय्य - कायेन संवुतो सिया ।**
**काय दुच्चरितं हित्वा - कायेन सुचरितं चरे ।**
**वचीपकोपं रक्खेय्य - वाचाय संवुतो सिया ।**
**वचीदुच्चरितं हित्वा - वाचाय सुचरितं चरे ।**
**मनोपकोपं रक्खेय्य - मनसा संवुतो सिया ।**
**मनोदुच्चरितं हित्वा - मनसा सुचरितं चरे ।**

*(धम्मपद क्रमशः २३१, २३२, २३३, साभार: स्व. भिक्षु अमृतानन्द, धम्मपद पुस्तकबाट)*

अर्थ : शरीर, वचन र मनको दुश्चरित्रबाट बची, शरीर वचन मानसिक संयम गर, शरीर वचन मानसिक दुश्चरित्र छोडेर, शरीर वचन मानसिक सदाचरण गर । - तीन वटा अलग्ग अलग्ग भए पनि एउटैमा गाभेर राखेको ।

आज देश समाजको यावत क्षेत्रमा गाली गलौच, हत्या हिंसा, लुटपाट, चोरी, बलात्कार, आदि शरीर, वचन र मनबाट हुने दुश्कर्म बढेको छ, व्यक्तिका धार्मिक र नैतिक शिक्षाको अभावबाट भएको हो, तसर्थ आज यो शिक्षाको आवश्यकता बढेको स्वत सिद्ध छ ।

भगवान् गौतम बुद्धले दिनु भएको उपदेश "एक निपात अङ्गुत्तर निकाय" मा उल्लेख भएको कुरा आजको समाज देशको अवस्था र व्यक्तिको बाहुल्यतालाई मध्येनजर गर्दा दिनु उपयुक्त थान्दछु ।

हे भिक्षु हो, नराम्ररी भनीराखेको धर्म र विनयमा जसले मेहनत गर्दैलान्छ उसलाई दुःख हुन्छ, जो अल्छि हुन्छ उसलाई सुख हुन्छ किन भने नराम्रो धर्म भएकोले हो । राम्ररी भनीराखेको धर्म र विनयमा जो अल्छि हुन्छ, उसलाई दुःख हुन्छ, जसले मेहनत गर्दैलान्छ उसलाई सुख हुन्छ किन भने राम्रो धर्म भएकोले हो ।

मनुष्य एक सामाजिक प्राणी हुन् । समाज देशको भलाई वा नाश, मनुष्यको कृयाकलापमा निर्भर भइ नै रहन्छ । यदि समाज देशको हक हित आफ्नो हातमा छ भने निश्चय नै प्रत्येक व्यक्तिले आफ्नो चरित्र सुधारमा ध्यान दिनु अति आवश्यक छ । यो चरित्र सुधारले देश समाजको हक हित त गर्ने नै भयो त्यो भन्दा पहिला व्यक्ति स्वंयको हित निश्चित छ ।

यसको लागि भनेको छ :

**'अत्तसम्मा पणिधि च एतं मंगलमुत्तमं' ।**

आफ्नो वास्तविक हित धर्म शरणमा नै छ । यो शील, समाधि र प्रज्ञाको विशुद्ध धर्मलाई हामीले जति सुरक्षित राख्छौं या जति जति हामी धर्म धारण गर्दछौं, स्वंय पालन गर्दछौं । त्यति त्यति नै हामीले सुरक्षा र संरक्षण पाउछौं । त्यसैगरी,

**'धम्मो हवे रक्खति धम्मचारि'**

**धर्मचारीको रक्षा धर्मले नै गर्दछ ।**

त्यसैले आफ्नो सही सुरक्षाको लागि धर्म पालन, धर्मचारी र धर्म विहारी हुनु आवश्यक छ । (साभार : गोयन्का, सत्यनारायण, धर्म : जीवन जीने की कला (धर्म: जीवन जिउनको कला) इगतिपुर, महाराष्ट्र, विपश्यना विशोधन विन्यास, ई.सं. १९९३, पृ. ७२-७३)

आज देश समाजको यावत क्षेत्रमा देखा परेको समस्यालाई दिर्घकादिन समाधानको रूपमा भविष्यका पुस्तालाई नैतिकता, धार्मिक शिक्षा दिन आवश्यक छ । ■

# मरणासन्न समयमा हुने मानिसको अनुभूति

■ पूर्णमान महर्जन

ब्राह्माण्डमा कुनै कुरा स्थिर छैन । प्रकृतिमा उत्पत्ति हुने सबै प्राणी अप्राणी समयको अन्तराल संगसंगै परिवर्तन र विनाश हुने अनित्य स्वभाव पाईन्छ । भूगोलशास्त्री J. Brunhes भन्छन् "Every thing around us is in a state of change, everything is either growing or diminishing, nothing is really stable." त्यसैले सुक्ष्म ब्रह्माण्ड, मानव पनि परिवर्तनशील प्रकृतिको यस नियमबाट अलग रहन सक्दैन । भगवान् बुद्धको अनुसार यस संसार वस्तुत: सुव्यवस्थित प्राकृतिक नियमहरू द्वारा अनुशासित छ । एउटा वस्तुको उत्पत्ति र विनाशको भरमा अर्को वस्तुको उत्पत्ति र विनाश हुन्छ । कुनै पनि वस्तु स्वतन्त्र छैन, एउटा कण पनि आफैमा अलग भएर रहन सक्दैन । सम्पूर्ण घटनाहरू सम्पूर्ण वस्तुहरू अन्योन्याश्रित र आपसमा सम्बद्ध छन् । मानिसको जन्म र मृत्यु पनि यही नियतिसित सम्बन्ध रहेको हुन्छ ।

जसरी दिन पछि रात अनि रात पछि दिनको सुरूवात हुन्छ, त्यस्तै मानिसको जन्म पछि मृत्यु निश्चित छ । मृत्यु पछि फेरि पुनर्जन्म । विज्ञानले पुनर्जन्मको अस्तित्वलाई नस्विकारेतापनि आध्यात्मिक चिन्तन र धर्म अनुसार मानिसको मरण पछि पुनर्जन्म अवश्यम्भावी छ । त्यसैले मानिसको मृत्यु जीवनको पूर्ण बिराम नभई अल्प बिराम मात्र हो । यो जिवात्मा र शारीरिक सम्बन्ध बिच्छेदको प्रक्रिया अनि जीवनको एउटा चक्र/अध्याय पुरा गर्ने क्रम हो । सामान्यत: यस ब्रह्माण्डमा रहेका कुनै पनि वस्तु विनाश हुँदैन, अस्तित्व लोप हुँदैन । वस्तु, रूपया शक्तिमात्र रूपान्तरण हुन्छ । मानिसको मृत्यु पनि रूपान्तरण मात्र हो । रूपान्तरण या संसारमा जन्म हुन परेसम्म प्राणीमा चित्त रहेको हुन्छ । तर अपवादको रूपमा भगवान् बुद्धको मार्ग निर्देशन अनुसार चतुरार्य सत्य पालन गर्न सकेमा जन्म मरणको भवसागरबाट मुक्त भई निर्वाण प्राप्त हुन्छ ।

मृत्यु मानिसको ठूलो विपत्ति हो । यो जिवितेन्द्रीयहरूको उपच्छेद अनि सबै संस्कारहरूको क्षणभंगुर हो । विज्ञानले अनेक रहस्य पत्तालगाईसकेको छ तर मानिसका अवश्यम्भावी मृत्युको क्षण या समयमा व्यक्तिलाई कस्तो हुन्छ या कस्तो अनुभव हुन्छ भन्ने कुराको अहिले सम्म पनि अध्ययन अनुसन्धान कै विषय बनेको छ । मृत्युको रहस्य सम्बन्धमा धेरै पुस्तक/लेखहरू प्रकाशित भएका छन् । सन् १९७७ मा अमेरिकामा प्रकाशित पुस्तक "एट द आवर अफ डेथ" मा दुईवर्षसम्म व्यापक अध्ययन अनुसन्धान गरेर मानिसको मृत्युको क्षण मानिसले गर्ने अनुभूतिलाई दुई जना लेखकले बिश्वास योग्य र भरपर्दो रूपमा प्रस्तुत गरेको पाईन्छ । दुई फरक सांस्कृतिक पृष्ठभूमि भएका अमेरिका र भारतमा मृत्युको मुखमा गएर पनि फर्केका हजारौं मानिसहरूमा गरिएको अध्ययनले के देखाएको छ भने मानिसको मरणासन्न समयमा बिशेष प्रकारको मानसिक अनुभूति हुन्छ, जसमा सो समयमा मानिसले सामान्यत: दुई प्रकारको दृश्य देख्ने गर्दछ । पहिलोमा मानिसको मृत्युको क्षण त्यस्तो अनुभव गर्दछ जसमा आफूले सपनामा पनि कहिल्यै नदेखेको डरलाग्दो प्राणी/दृश्य या असहन वातावरण आदि नकारात्मक पक्षको अनुभूति गर्दछ भने दोस्रोमा मानिसले आफू फरक परिस्थितिमा परेतापनि ध्यानमा मग्न भएजस्तै मनशान्त र त्रासरहित सकारात्मक पक्षको अनुभव गर्दछ । धर्मले पनि यही कुराको शिक्षा दिन्छ र यस अनुसार जस्ले आफ्नो र अरूको भलो चिताएको र कार्य गरेको हुन्छ अनि जो धेरैको प्रिय हुन्छ उस्को मृत्यु क्षणमा दोस्रो प्रकारको अनुभूति हुने गर्दछ । अनि जसरी नरम माटो पगाल्न समय धेरै लाग्दैन त्यसरी नै त्यस्ता व्यक्तिको मृत्युलाई प्रकृतिले सहजै स्विकार गर्ने गर्दछ भने जो जस्ले आफ्नो जीवनमा विशेष गरेर नकारात्मक पक्ष या अकुशल कार्यलाई जोड दिएको हुन्छ, उनीहरूको मृत्यु क्षण पहिलो प्रकारको रूपाकार प्रकट हुने गर्दछ । उनीहरूको मृत्युलाई पनि प्रकृतिले शीघ्र आत्मसाथ गर्दैन र मृत्युको शैयामा लामो समयसम्म पडिरहन्छ । लामो अनुभव बोकेका हाम्रा बृद्धबृद्धाहरूका कुराले पनि उपरोक्त तथ्य वास्तविकतासंग नजिक भएको पुष्टि गर्दछ ।

बौद्ध दर्शन अनुसार मानिसले आफ्नो जीवनकालमा सम्पादन गरिएका असंख्य मानसिक वाचिक एवं कायिका कर्महरूका कारणले उसले कुशल या अकुशल कर्म आर्जन र संचय गर्दछ । यो नै व्यक्तिको आचीण्ण कम्म (आचीर्ण कर्म) हो । व्यक्तिको आचीण्ण कम्म या उसले जीवनमा सम्पादन गरिएका कार्यले सम्बन्धित रूपाकारहरूको मरणासन्न समयमा प्रिय या अप्रिय रूप लिई सो व्यक्ति सम्मुख प्रकट हुने गर्दछ । यो पुनर्जन्मको पूर्व संकेत हो र यसरी मानिसको अन्तिम घडीमा उत्पन्न हुने आलम्बनले च्यूत पछि पुनर्जन्मको स्वरूप र गतिलाई निर्धारण गर्दछ ।

अन्तमा ऐना अगाडि बस्ने व्यक्ति जसरी देख्छ, ऐना भित्रको छाँया पनि अलिकता फरक नपारी बल्दछ । अनि हामी जुन फल रोप्छौं, छर्छौं त्यही फल बाहेक अरू फलको आशा गर्नु व्यर्थ हुन्छ । त्यसरी नै आफ्नो कर्मानुसारको फल आफैले भोग गर्नुपर्दछ भन्ने वास्तविकतालाई मनन गरी जिन्दगीमा चित्तलाई कुशल कार्यमा मात्र लगाउन सकेमा मृत्युको क्षण सहज बन्नुको साथै इहलोक अनि परलोक सबै ठाँउमा अवश्य कुलश मंगल हुन्छ । त्यसैले धम्मपदमा भनिएको छ -

"सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा, अर्थात् कुनै पाप नगर्नु, पुण्य संचय गर्नु र आफ्नो चित्तलाई शुद्ध गर्नु, यही बुद्धहरूको शिक्षा हो ।" ■



Downloaded from http://www.dhamma.digital

# वसल (वृषल) सूत्र

*अनुवादिका: अमीर कुमारी शाक्य*

यसरी मैले सुनेको थिएँ । एक समय भगवान् बुद्ध श्रावस्तीमा अनाथपिण्डक महाजनले निर्माण गरेको जेतवनाराममा विहार गर्नु भएको थियो । त्यस समय भगवान् बुद्ध पुर्वाण्ह समयमा पात्र चीवर धारण गरी भिक्षाटनको लागि श्रावस्ती नगरमा आउनु भएको थियो । त्यस समयमा अग्निक भारद्वाज ब्राह्मणको घरमा आगो बलिराखेको देख्नु भएछ । फेरि होम गर्नको लागि आवश्यक सामग्री पनि तयार गरि राखेको थियो । भगवान् बुद्ध घरघरमा भिक्षाटन गर्दै त्यस आगो बालिराखेको अग्निक भारद्वाज ब्राह्मणको घरमा आइपुग्नु भयो । अग्निक भारद्वाज ब्राह्मणले भगवान् बुद्धलाई टाढैबाट आउँदै गर्नु भएको देख्यो । देख्ने बित्तिक्कै यसरी भनेछ ।

ब्राह्मण : "हे मुण्डक । हे श्रमण त्यहिं बस । हे वसल त्यहिं बस ।"

यो सुनेर भगवान् बुद्धले अग्निक भारद्वाज ब्राह्मणलाई यसरी प्रश्न सोध्नु भएछ ।

बुद्ध: "हे ब्राह्मण ! वसल कसलाई भन्छ ? वसलले के के गर्छ ? थाहा छ ?

यो सुनेर भारद्वाज ब्राह्मणले थाहा छैन भनि भनेछ र भगवान् बुद्धलाई यसरी अनुरोध गरेछ ।

ब्राह्मण: "भो गौतम ! वसल कसलाई भन्छ, वसलले के के गर्छ भनी कुरा मलाई थाहा छैन । त्यसैले कृपया तपाईले मलाई धर्म उपदेश दिनु भए हुन्छ । जसले गर्दा वसल कसलाई भन्छ, वसलले के के गर्छ र के के कार्य गर्दा वसल कहलिन्छ भनि थाहा पाउन सक्छु कि ?"

बुद्ध: "हे ब्राह्मण ! त्यसो भए सुन । राम्ररी मनमा धारण गर ।"

"हवस" भनि भारद्वाज ब्राह्मणले भगवान् बुद्धलाई स्वीकार जनाएर नमस्कार गरे ।

अनि भगवान् बुद्धले यसरी आज्ञा दिनु भयो :

१. जुन व्यक्ति रिसाहा र बैरी स्वभावको हुन्छ, उ पापी र ईर्ष्यालु हुन्छ । उ मिथ्यादृष्टि र मायावी हो । त्यस्तो व्यक्तिलाई वसल भन्दछ ।
२. जसले एकैचोटि जन्मिने वा दुइचोटी गरि जन्मिने (अण्डाबाट) कुनै पनि प्राणीको हत्या गर्छ । प्राणीप्रति दया माया छैन भने त्यस व्यक्तिलाई वसल भन्दछ ।
३. जसले गाउं वा नगर ध्वष्ट पार्छ । अत्याचारी भएर प्रसिद्ध हुन्छ । उसलाई वसल भन्छ ।
४. जुन व्यक्तिले अर्काको मेहनत गरि कमाएको धनसम्पत्ति लुटेर वा तर्साएर खोसेर लग्छ, उसलाई वसल भनि भन्दछ ।
५. जसले अरूसंग सापटि लिन्छ, तिर्दैनन् र लिन आएको खण्डमा पनि "मैले तिमीलाई कुनै कुरो तिर्नु पर्दैन" भनी भाग्छ, त्यो व्यक्तिलाई वसल भन्दछ ।
६. जुन मानिसले कुनै वस्तुको लोभमा बाटोमा हिंड्ने व्यक्तिलाई मारिर लुटेर लान्छ, त्यसलाई वसल भन्दछ ।
७. आफ्नो लागि होस् वा अर्काको लागि वा धनको लागि साक्षी भएर कुरा गर्नु पर्दा, कुरा लुकाएर झुठ बोल्छ, त्यो व्यक्ति वसल हो भनि चिन्नु ।
८. जुन व्यक्तिले वलजफति वा फकाएर आफन्तका वा साथीहरूको आइमाईलाई नराम्रो व्यवहार गर्छ, उसलाई वसल भन्दछ ।
९. आफूमा सामर्थ्य हुंदै पनि जीर्ण शरिरका आफ्नो आमा बाबुलाई जसले पालन पोषण गर्दैन, त्यो मानिस वसल भनि जान्नु ।
१०. जुन व्यक्तिले आफ्ना आमा बाबु, दाजु भाइ, दिदी बहिनी, सासु आमा बालाई वचनले वा वलले प्रहार गर्छ उ वसल हो भनि थाहा पाउनु ।
११. जसले अर्थपूर्ण कुरा हो भनि थाहा पाउँदा पाउँदै अनर्थ गरेर कुरा गर्छ र घुमाई फिराई कुरा गर्छ वा बताउँछ भने त्यो मानिस वसल हो ।
१२. जुन व्यक्तिले पाप कर्म गरेर अरूले थाहा नपावस् भन्ने इच्छा गर्छ र त्यो पाप लुकाउन अर्को पाप गर्छ, त्यस व्यक्तिलाई पनि वसल भन्दछ ।
१३. जुन मानिसले अर्काको घरमा गएर मिठो मिठो भनि खान्छ, तर आफ्नो घरमा अरू आउँदा केहि खुवाउँदैन भने त्यो पनि वसल हो ।
१४. कसैले श्रमण, ब्राह्मण वा अरू कुनै याचकलाई झूठ कुरा गरेर फसाउँछ भने त्यो व्यक्तिलाई वसल (वृषल) भन्दछ ।
१५. जसले आफु खाना खाने बेलामा आएको श्रमण वा ब्राह्मणलाई हप्काएर पठाउँछ त्यो मानिस वसल भनि चिन्नु ।
१६. जसले मोहमा फसेर वा कुनै वस्तुको लोभले असत्य बोल्छ, त्यो मानिस वसल हो भनि जान्नु ।
१७. अरूलाई नीच ठानेर आफु मात्र ठूलो भनि कुरा गर्छ तर त्यो अनुसार काम नगर्ने व्यक्तिलाई वसल भनि चिन ।

१८. जुन मानिस रूष्ट स्वभावको हुन्छ । अरूलाई पूण्य कार्य गर्न दिदैन । अर्काको कुभलो मात्र चिताउने कंजुस र कपटी साथै नराम्रो कार्य गर्न लज्जा र भय नभएकोलाई वसल भन्दछ ।

१९. जसले बुद्ध वा वहाँको श्रावक संघ, परिव्राजक अथवा गृहस्थको निन्दा गर्छ, त्यस व्यक्तिलाई वसल भन्दछ ।

२०. जुन व्यक्तिले आफू अर्हत नभए पनि म अर्हत भइसकें भनि हिंड्छ, त्यो संसारको सबैभन्दा ठूलो चोर र डाँका हो । त्यो व्यक्ति सबभन्दा नीच स्तरको वसल हो ।

२१. यस्ता व्यक्तिहरूलाई वृषल (वसल) भन्छन भनि तिमीलाई मैले स्पष्ट भनिसकें । त्यसैले कुनै पनि मानिस जातले ब्राह्मण पनि बन्दैन वसल पनि बन्दैन । उसको कर्मले नै मानिस ब्राह्मण बन्छ र कर्मले नै वसल बन्छ ।

२२. सोपाक भन्ने चण्डाल (च्यामे) को छोरा हो । तर उ मातंग नामले प्रसिद्ध भयो । मेरो निर्देशनबाट त्यो कुरा बुझ्न सकिन्छ ।

२३. जब त्यो मातंगलाई दुर्लभ र महान यश प्राप्त भयो, त्यसबेला धेरै ब्राह्मण र क्षेत्रीहरूले उसको सेवा गरेको थियो ।

२४. त्यहि मातंग काम, रागलाई दमन गरेर शुद्ध मार्ग अपनाई दिव्ययानमा बसेर ब्रह्मलोक पुगेको थियो । उसको जातले ब्रह्मलोक जानलाई छेकेन ।

२५. "अज्भापक" कुलमा जन्मेका, जो मन्त्र-बन्धु ब्राह्मणहरू छन् उनीहरूले पनि धेरै नै पाप कर्म गरेको देखिन्छ ।

२६. पाप कर्म गर्ने व्यक्तिहरू यस जन्ममा पनि निन्दित हुन्छन् । अर्को जन्ममा पनि दुगर्तिमा जान्छन् । जातले मानिसलाई दुगर्ति जानबाट रोक्न सक्दैन । जातले निन्दाबाट बचाउन पनि सक्दैन ।

२७. कुनै पनि मानिस जातले वसल हुँदैन । त्यस्तै कोहि पनि जातले ब्राह्मण पनि हुँदैन । उसको कर्मले नै मानिस वसल बन्छ र कर्मले नै ब्राह्मण बन्छ ।

यसरी भगवान् बुद्धले आज्ञा गर्नु भएपछि अग्निक भारद्वाज ब्राह्मणले भगवान् बुद्धलाई बिन्ति गरे । "आश्चर्य हो भो गौतम ! जसरी कसैले घोप्टोपरेको भाँडो सुल्टो पारि दिए जस्तै, बिर्को भएको भाडोमा बिर्को निकालि दिए जस्तै, बाटो हराएकोलाई बाटो देखाई दिए जस्तै, अँध्यारोमा बत्ति बालि दिंदा केहिं नदेखेको आँखाले रूप देखे जस्तै तपाईले अनेक धर्मको उदाहरण दिएर उपदेश दिनु भयो । त्यसैले भो गौतम ! तपाईले आजैदेखि जीवन भरको लागि शरण आएको सम्झि मलाई उपासक भनि ग्रहण गर्नु होस् । ■

# मैत्री

■ संगीता कोजु

आज संसारमा जति पनि हिंसा, हत्या र अन्य विकृतिहरू फैलिरहेका छन्, यी सबै नराम्रा गतिविधिहरू मानिसहरूको मनमा मैत्रीभावको कमी हुँदै गएको कारणले घट्न पुगेका हुन् । मैत्री शब्दको अर्थ के हो ? यसको परिभाषा जानिराख्न अत्यावश्यक छ ।

हामीले मैत्रीको परिभाषा छोटो र संक्षिप्त रूपमा यसरी दिन सक्छौं ।

अरूको नराम्रो होइन राम्रो गुणलाई हेर्न सकियो भने मात्र मैत्री भाव राख्न सकिनेछ । सबै मानिसमा राम्रा र नराम्रा गुणहरू अवश्य पनि हुन्छन् । जतिसुकै खराब मानिसमा पनि नराम्रो गुणका साथै राम्रो गुण केही मात्रामा भएपनि लुकेर बसेको हुन्छ । त्यसैले हामीले सकेसम्म अरूको नराम्रो बानीलाई भन्दा उसको केही मात्रामा भएपनि राम्रो बानीलाई हेर्न सक्नु पर्दछ । यदि यस्तो बानी हामीमा विद्यमान रहन सक्यो भने हामीसंग रीस र द्वेषको भावना त्यति तिब्ररूपमा उत्पन्न हुन पाउँदैन । फलस्वरूप हामीमा सबैसंग मिलेर बस्ने क्षमता वृद्धि हुनेछ ।

भगवान् बुद्धकालिन समयमा उहाँलाई अनेक पटक हत्या गर्ने प्रयास गरेका देवदत्तले अन्तिम समयमा आफ्नो गलती महसूस गरी बुद्ध समक्ष माफी माग्न आएका थिए । तर बुद्धसंग भेट गर्न नपाउँदै उनको मृत्यु भयो । यहाँ बुद्धको पवित्र मैत्री चित्तले त्यस कठोर व्यक्तिको मन पग्लेको कुरालाई छल्काएको छ । यसको साथै एक कठोर चित्तको व्यक्तिमा पनि नरमीपनाको चिन्ह लुकेको हुँदो रहेछ भन्ने कुरा पनि झल्काएको देखिन्छ । त्यसैले कसैप्रति पनि घृणाको भाव व्यक्त गर्न नहुने रहेछ ।

यसको साथै हामीले कुनै पनि व्यक्तिमा रहेको अवगुण भन्दा गुणलाई हेर्नु अत्यावश्यक छ । बुद्धकालिन समयमा अजात शत्रु नाम गरेका एक राज कुमारले आफ्ना बुबालाई हत्या गरी आफू राजा बनेका थिए । जब उसको आफ्नो मैत्री गुणले सम्पन्न बुबाको महत्व बुझ्ने मौका पाए, तब यसले आफ्नो मूर्खतापूर्ण कार्य देखी पश्चातापको आगोमा पिल्सिन थाल्यो । यही पश्चातापको आगो भिभाउनका लागि आफ्नो गलती महशूस गर्दै सकेसम्म उपकारी कार्यहरू गर्न तम्सन थाल्यो । फलस्वरूप उसले बुद्ध शिक्षाको संरक्षण र सम्बर्धन गर्नका लागि ठूलो सहयोग गर्न थाले । यसको परिणामले आज सम्म पनि हामीले बुद्ध शिक्षा अध्ययन गरी यसलाई व्यवहारमा उतारी आफूलाई धन्य बनाउने मौका पाइरहेका छौं ।

त्यसैले हामीले आफ्नो चित्तमा पानी रूपी शीतल मैत्रीयुक्त भावनालाई स्थान दिई त्यस पानीले अरूको आगो रूपी द्वेष र नराम्रा भावनालाई पखाल्न सक्नु पर्दछ ।

- मिति २०६४/१२/९ मा मैत्रेय युवा संघको ११ औं वार्षिक उत्सव कार्यक्रममा श्रद्धेय उ कुण्डल सयादोले गर्नुभएको धर्मदेशनामा आधारित लेख । ■



Downloaded from http://www.dhamma.digital

# नेपालमा बुद्धधर्म विकासका लागि चालिनुपर्ने कदमहरू-२

■ डा. लक्ष्मण शाक्य, काठमाडौं

**४) थेरवाद बुद्धधर्मको वाङ्मयः**

बुद्धधर्मको आधिकारिक वाङ्मय पालि त्रिपिटक हो । सूत्र पिटक, विनय पिटक र अभिधर्म पिटकलाई नै त्रिपिटक भनिन्छ । यसमा ८४,००० बुद्धका उपदेशहरू संग्रहित भएका छन् । बुद्धले ४५ वर्षसम्म धर्म प्रचार गर्नुभएको थियो । ती सबै उपदेशहरू विभिन्न शीर्षकमा संग्रहित र सुरक्षित भइराखेका छन् ।

यसरी परियत्ति (सैद्धान्तिक), प्रतिपत्ति (व्यावहारिक) र प्रतिवेध (प्रत्यक्ष अनुभव) ज्ञान प्राप्त गर्नु नै बुद्धशिक्षा पूर्ण गर्नु हो । थेरवाद बुद्धशासनमा यी सम्पूर्ण गुणहरू विद्यमान छन् ।

**५) नेपालमा थेरवाद बुद्धधर्म प्रवर्द्धन गर्नुको औचित्य :**

निर्माण गर्न लागेको नयाँ नेपाललाई बुद्धधर्मले धेरै योगदान दिन सकिन्छ । देशको सर्वाङ्गीण विकासका लागि बुद्धशासनबाट चाहिने सम्पूर्ण प्रेरणा मिल्न सक्छ । भगवान् बुद्धले सूत्रपिटकको अंगुत्तर निकाय पञ्चक निपातमा सद्धर्मको विकासका लागि नभई नहुने ५ प्रकारका लक्षणहरूको उपदेश दिनुभएको छ -

बौद्ध परिषद्का सदस्यहरू भिक्षु-भिक्षुणी, उपासक र उपासिकाहरूले बुद्धद्वारा उपदेशित धर्मविनयलाई

१) गौरवपूर्वक सुन्ने छन्,
२) गौरवपूर्वक अध्ययन-अध्यापन गर्ने छन्,
३) गौरवपूर्वक स्मरण गरिराख्ने छन्,
४) सद्धर्मको अर्थ राम्ररी बुझ्न खोज्ने छन् र
५) सद्धर्म राम्ररी बुझिसकेपछि गौरवपूर्वक प्रतिपालन तथा सुरक्षा गर्ने छन् ।

भगवान् बुद्धको मौलिक उपदेशलाई देशव्यापीरूपमा प्रचारप्रसार गर्न सकेमा बद्धशिक्षा व्यापक तवरले प्रचार प्रसार हुने वातावरण सिर्जना हुनेछ । आमजनताको स्वाभाविक चरित्र नै दान-शील-भावना अनुकुल निर्माण हुनेछ । नैतिकस्तर माथि उठ्ने छ, चित्त शुद्ध हुँदै जानेछ र विवेकशील नागरिकहरूको संख्या अत्याधिक मात्रामा बढ्नेछ । योभन्दा ठूलो उपलब्धि नै अरू के हुन सक्छ !

बौद्ध समाज भित्र अन्य धर्महरूको अस्तित्व स्वीकार्य रहेको छ । बुद्धधर्ममा चारब्रह्म विहाररूपी उपदेश अर्थात् १) मैत्री, २) करूणा, ३) मुदिता र ४) उपेक्षासम्बन्धी ज्ञान पालन गर्न सकेमा नै पर्याप्त छ । बुद्धधर्ममा सम्यक् दृष्टि र मिथ्या दृष्टि दुवैको चर्चा भएको पाइन्छ । हिंसाले हिंसाको अन्त हुँदैन वरु अहिंसाले हिंसाको अन्त सम्भव हुन्छ भन्ने मान्यता छ । विभिन्न विचारहरू यसरी अनुभवको स्तरमा मात्रै फरक हुन गएको मानिन्छ । वास्तविक सत्य सबैले बुझ्न सक्छन् ।

**६) थेरवाद बुद्धधर्म विकास, प्रचार तथा प्रवर्द्धनका लागि चालिनु पर्ने कदमहरू:**

धार्मिक गुरुवर्गमा व्यक्तिगत स्वार्थको हावी भएमा नैतिकता खस्किनु स्वभाविकै हो । त्यसैले धार्मिक, सामाजिक, राजनैतिक जस्ता संघसंस्थाहरूद्वारा समाजमा धर्मको राज्य होस् भन्ने खातिर आफ्नो उद्देश्य, लक्ष्य र कार्यक्रमहरू निर्धारण गरेर कार्यान्वयनसमेत गर्ने जमर्को गरेको देखिन्छ । यो सत्य बुद्धधर्ममा पनि त्यत्तिकै लागू हुनेछ । त्यसकारण नेपालमा बुद्धधर्म प्रवर्द्धन तथा प्रचार गर्न कम्तिमा यी तल दिइएका तीन गम्भीर विषयहरू बुझ्नु अत्यन्त जरूरी छ :-

*(१) बौद्ध संघको संगठन सुव्यवस्थित गर्नु:*

आजभोलि वैराग्य तथा त्यागी जीवन अपनाउनु भएका केही बौद्धभिक्षु र अनगारिकाहरू (भिक्षुणी) का बीचमा पनि शीलपालन तथा अनुशासनमा विकृति र आचरणमा विचलन पाउन थालेका घटना र दृश्यहरू देखेर र सुनेर श्रद्धावान भक्तजनहरूको भावनामा ठूलो वज्रपात भइरहेको सुनिन्छ । यसको प्रतिकारको रूपमा सामूहिक प्रयास अगाडि सार्न अनिवार्य देखिन्छ । व्यक्ति भ्रष्ट हुनसक्छ तर संघ सदैव शुद्ध र पवित्र हुन्छ भन्ने भावना र मान्यतालाई जोगाई राख्नुपर्छ । त्यसकारण धर्मका सच्चा भक्त र प्रेमीहरूले त्यस्ता खराब आचरणमा लाग्ने बौद्धहरूलाई चेतावनी मात्र होइन आवश्यक परे धर्मविनय अनुकुल जोसुकैलाई पनि दण्ड दिने प्रावधान राख्नु पर्दछ । अनि मात्र आम जनताको विश्वास प्राप्त हुन सक्छ । बौद्ध प्रशासनमा निन्दनीयलाई निन्दा र प्रसंशनीयलाई प्रशंसाको नियम छ । सबैले यथावादी तथाकारी भएर शुद्ध धार्मिक जीवन यापन गर्न सकुन् भनी कामना गरिन्छ । बौद्ध संघ सुसंगठित भएमा यी विसंगतिहरू स्वत: हटेर जाने आशा गर्न सकिन्छ । *(क्रमशः)*

# हार्दिक श्रद्धाञ्जली

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो, उपज्जित्वा विरूज्झन्ति तेसं ऊपसमो सुखो**



# स्व. द्वारिका प्रसाद मानन्धर

**जन्म मिति- बि.सं १९६९ मंसीर कृष्ण पक्ष औंसी**

**दिवंगत मिति- बि.सं. २०६४ फागुण १५ कृष्ण पक्ष षष्टमी**

बुद्ध शिक्षा अध्ययन गर्ने सिलसिलामा वि.सं. २००६ सालमा १४ वर्षिय बालिका गणेश कुमारी शाक्य (हाल भिक्षुणी धम्मवती), मनोहरा देवी, शुभलक्ष्मी, लगायत लक्ष्मीमाया शाक्य गरी (३ बालिकाहरू र एक महिला) नेपालबाट भागी वर्मा प्रस्थान गर्न लागेको समयमा नेपालको भीमफेदी देखि भारतको कुशीनगर सम्म सहयात्रीको रूपमा रही सहयोग गर्नु भएका उपासक द्वारिका प्रसाद मानन्धरले बुद्ध शिक्षा उत्थान कार्यमा अमूल्य योगदान पुर्‍याउनु भएको थियो। यसको साथै उहाँले आफ्नो जीवनकाल यसरी नै धार्मिक क्षेत्रमा सक्दो सहयोग पुर्‍याउँदै आउनुभएको थियो। श्रद्धालु उपासक द्वारिका प्रसाद मानन्धर दिवंगत हुनुभएको ४५ दिन नाघेको उपलक्ष्यमा उहाँको अमूल्य गुण स्मरण गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

**भिक्षुणी धम्मवती**

**मानन्धर परिवार**

**सासु - लक्ष्मी देवी मानन्धर**
**श्रीमती - हीरादेवी मानन्धर**
**छोरा - धर्मप्रसाद, बुहारी- सरला**
**नाती - अमीर, नाती बुहारी- नीपु**



Downloaded from http://www.dhamma.digital

# सात दिने अल्पकालिन श्रामणेर प्रव्रज्या - २०६४ मा मेरो अनुभव

■ श्रामणेर मेधंकर (रिजेन ताम्राकार)

मैले यो सातदिन (२०६४ पौष २१-२७) जितापुर गन्धकुटी विहार खोकनामा श्रामणेरको रूपमा साप्ताहिक जीवन बिताएको थिएँ। हुनत म पहिलापनि एकपटक अन्तर ष्ट्रिय भावना केन्द्र संखमूलमा सातदिन सम्मको लागि अल्पकालिन श्रामणेर प्रव्रज्या जीवन बिताइसकेको थिएँ।

यहाँको दैनिक कार्य तालिकानुसार बिहान ६ बजे उठी ६:३०-७ बजेसम्म बुद्धपूजा कार्यक्रम शुरू हुन्छ। बुद्ध पूजा गरेको अवस्थामा पनि मैले धेरै ज्ञानहरू सिकें। मैले थाहा पाएँ, हामीले बुद्धपूजा वरदान पाउनको लागि होइन अमूल्य गुणहरू सम्पन्न हुनुभएका बुद्धको आदर्शलाई एकाग्र चित्तले स्मरण गरी आफ्नो आचरण पनि शुद्ध पार्दै लाने अभ्यास गर्नको लागि हो।

हामीले बिहान ७ बजे देखि ७:३० बजे सम्मको अवधिमा जलपान गर्छौं। जलपान गर्नु अगाडि हामीले जलपान दाताहरूलाई मैत्रीयुक्त आशिर्वाद दिइसकेपछि मात्र जलपान गर्दछौं। त्यसपछि हाम्रो नैतिक शिक्षाको कक्षा आरम्भ हुन्छ। यस कक्षामा गुरुमां भन्तेहरूको तर्फबाट नैतिक शिक्षा विषयमा प्रवचन हुने गर्छ। यस शिविरमा मलाई सबभन्दा मनपर्ने कक्षा नै प्रवचनको कक्षा हो। किनभने यस कक्षाबाट हामीले धेरै नै अमूल्य नैतिक शिक्षा प्राप्त गर्ने मौका पायौं। त्यसपछि हाम्रा सरसफाईको कार्यक्रम प्रारम्भ हुनेगर्छ। त्यसपछि ध्यान भावनाको कार्यक्रम शुरू हुन्छ। मैले यस साप्ताहिक कार्यक्रममा ध्यान गर्ने विधि सिक्ने मौका पनि पाएँ। ध्यान गर्दा हामीले आफ्नो नाकको प्वालबाट श्वास भित्र र बाहिर गइरहेको अवस्थालाई ध्यान दिई हेरिरहनु पर्दछ। हामीलाई चंक्रमण गर्ने विधि पनि सिकाइयो। चंक्रमण गर्ने बेला पनि हामीले आफ्नो खुट्टाको चालमा ध्यान दिने गर्नु पर्दो रहेछ।

यहाँ हामीलाई मनोरञ्जनको लागि दिनको एकपटक ज्ञानवर्द्धक कार्यक्रमहरू भिडियो टिभि देखाउने गर्छ। यस शिविरमा आई मैले संसारमा ३८ प्रकारका मंगल कार्यहरू छन्, ती मंगल कार्यहरूलाई हामीले गर्न सक्यौं भने हाम्रो जीवनमा मंगल हुन्छ भन्ने शिक्षा पनि सिक्यौं।

यस शिविरको अवधि - ७ दिनसम्म हामीले शान्त र रमणिय जीवन बितायौं। त्यसैले फेरि पनि कामना गर्दछु, यस्तो अवसर फेरि पनि आवस्।

धन्यवाद।

## श्रद्धाञ्जली

अनिच्चावत संखारा उप्पादवय धम्मिनो, उपज्जित्वा निरुज्झन्ति तेसं ऊपसमो सुखो



जन्म मितिः
१९७९ साल पौष महिना

दिवंगत मिति :
२०६४ चैत्र १३ गते बुधबार

### दिवंगत बेति मायां शाक्य, सुन्धारा, पाटन

*धर्मकीर्ति पत्रिकाका विशेष सदस्य बेतिमाया शाक्य २०६४ चैत्र १३ गते दिवंगत हुनु भएकोले उहाँका परिवारहरूले यस दुःखद घडीमा संसारको अनित्य दुःख एवं अनात्म स्वभावलाई स्मरण गरी धैर्य धारण गर्न सकुन् भनी कामना गर्दै श्रद्धाञ्जली अर्पण गर्दछौं।*

**धर्मकीर्ति पत्रिका**

धर्मकीर्ति विहार श्रीघः, नघः, काठमाडौं

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"

# मिलिन्द-प्रश्न – ११

## (दोस्रो परिच्छेद)

अनुवादक : आनन्द प्रधान

### (ग) वीर्यको पहिचान

राजाले भन्नुभयो -"वीर्य (उद्योग, शक्ति) को पहिचान के हो ?"

"महाराज ! 'दृढ' (स्थिर, अचल) गरिदिनु वीर्यको पहिचान हो ? जुन पुण्य धर्मलाई वीर्यले दृढ गरिएको छ, त्यो कहिले पनि ढल्दैन ।"

"कृपा गरेर उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जसरी कुनै मानिसले आफ्नो घर ढल्न लागेको देखेर एउटा खाँबा (टेकी) को सहारा दिएर दृढ (स्थिर, अडयाएर) राख्छ, त्यसो गर्दा घर ढल्न पाउँदैन, त्यसरी नै वीर्यले दृढ बनाएको सबै पुण्य धर्म ढल्दैन ।"

"कृपा गरेर फेरि पनि उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! कुनै साना सेनालाई ठूलो सेनाले हराउँछ । त्यतिबेला हार खाएका राजाले अरू केही थप सैनिक जवान दिएर उनीहरूलाई फेरि लड्न पठाउँछ र त्यहाँ गएर त्यो सेनालाई हराउँछन् । महाराज ! यसरी 'दृढ गर्नु' वीर्यको पहिचान हो । भगवानले भन्नु भएको पनि छ - "भिक्षुगण ! वीर्यवान आर्यश्रावक (श्रेष्ठ श्रोता) ले पापलाई छोडेर पुण्य ग्रहण गर्नुहुन्छ, दोषयुक्त (=दोष भएको) लाई छोडेर दोषरहित (दोष नभएको) लाई ग्रहण गर्नुहुन्छ, र आफूलाई शुद्ध राख्नुहुन्छ ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

### (घ) स्मृतिको पहिचान

राजाले भन्नुभयो -"भन्ते नागसेन ! स्मृति (स्मरण, सम्झना) को पहिचान के हो ?"

"महाराज ! (१) 'सब समय सम्झना राख्नु' र (२) 'स्वीकार गर्नु' स्मृतिको पहिचान हो ।"

(१) भन्ते ! "सब समय सम्झना राख्नु कसरी स्मृतिको पहिचान हो ?"

महाराज ! स्मृतिले सब समय सम्झना गराइराख्छ यो कुशल (पुण्य) यो अकुशल (पाप) यो दोष-युक्त, यो दोष रहित यो खराब, यो असल र यो कृष्ण (कालो) यो शुक्ल (सेतो) हो । त्यसले सब समय सम्झना गराउँछ ।"

"यी चार स्मृतिप्रस्थान, यी चार सम्यक-चेष्टा, यी चार ऋद्धि, यी पाँच इन्द्रिय, यी पाँच बल, यी सात बोध्यङ्ग यो आर्य-अष्टाङ्गिक मार्ग, यो शमथ (शान्तिको उपाय), यो विदर्शना (विपश्यना) यो विद्या र यो विमुक्ति हो । तिनीहरूबाट योगीले सेवनीय (सेवा गर्न योग्य, पूजाको योग्य) धर्महरूको सेवन गर्नुहुन्छ । असेवनीय (सेवा गर्न अयोग्य) धर्महरूको सेवन गर्नुहुन्न । असेवनीय (सेवा गर्न अयोग्य) धर्महरूको सेवन गर्नुहुन्न - यो स्मृतिकै कारणले हो ।"

"महाराज ! यसरी सब समय सम्झना गराउनु 'स्मृतिको' पहिचान हो ।"

"कृपा गरेर उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जसरी कुनै चक्रवर्ती राजाको भण्डारीले दिनहुँ साँझ-बिहान राजालाई उनको यश (कीर्ति) को सम्झना गराउने गर्दा - महाराज ! तपाईंको यति हात्ती, यति घोडा, यति रथ, यति पैदल सैनिक यति सुन र यति सम्पत्ति छन् । तपाईंले ती सम्झना राख्नुहोस् । त्यसरी स्मृतिले नित्य (सधैं) सम्झना गराइर हन्छ - यो कुशल, यो अकुशल । महाराज ! यसरी सब समय सम्झना गराइराख्नु स्मृतिका पहिचान हो ।"

(२) भन्ते ! 'स्वीकार गर्नु' कसरी स्मृतिको पहिचान हो ?"

"महाराज ! स्मृति उत्पन्न भएर खोजी गर्छ कुन धर्महरू हितका, कुन धर्महरू अहितका, यी धर्महरू हितका यी धर्महरू अहितका यी धर्महरूले भलो गर्ने र यी धर्महरूले कुभलो गर्ने हुन । तिनीहरूबाट योगीले अहित गर्ने धर्महरू छोड्नुहुन्छ, हित गर्ने धर्महरू स्वीकार गर्नुहुन्छ । कुभलो गर्ने धर्महरूलाई छोड्नुहुन्छ र भलो गर्ने धर्महरूलाई स्वीकार गर्नुहुन्छ । महाराज ! यसरी 'स्वीकार गर्नु' स्मृतिको पहिचान बताइएको छ ।"

"कृपा गरेर उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! कुनै चक्रवर्ती राजाको प्रधान मन्त्रीले उहाँलाई सम्झाउनुहुन्छ - यो तपाईंको लागि हितको छ, यो अहितको, यसले भलो गर्ने र यसले कुभलो गर्ने हो । फेरि अहितलाई छोड्ने, हितलाई स्वीकार गर्ने, कुभलो गर्नेलाई छोड्ने, भलो गर्नेलाई स्वीकार गर्ने सल्लाह दिनुहुन्छ । महाराज ! उसरी नै स्मृति उत्पन्न भएर खोजी गर्छ कि कुन धर्म हितको । भगवानले भन्नु भएको पनि छ - "भिक्षुगण ! म स्मृतिलाई सबै धर्महरूलाई सिद्ध (सफल) गर्ने (तत्व) भन्दछु ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

### (ङ) समाधिको पहिचान

राजाले भन्नुभयो - "भन्ते ! समाधिको पहिचान के हो ?"

"महाराज ! "प्रमुख हुनु समाधिको पहिचान हो । जति पुण्य धर्महरू छन् सबै समाधि प्रमुख हुनाले हुन्छन यसै (समाधि) तर्फ झुक्दछन यसै (समाधि) ले लिएर जान्छन र यसै (समाधि) मा अवस्थित (बसेका, स्थापित) हुन्छन ।"

"कृपा गरेर उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कुनै स्तम्भ (धरहरा, मीनार) का सबै भरयाङ सबैभन्दा माथिको तलातिर मुख (प्रमुख लिएर जाने) गरेका हुन्छन, त्यतैतिर जान्छन, त्यही गएर अन्त हुन्छन र त्यो सबैभन्दा माथिको तला श्रेष्ठ मानिन्छ, उसरी नै जति पुण्य धर्महरू छन् सबै समाधि प्रमुख हुनाले हुन्छन ।

"कृपा गरेर फेरि पनि उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! कुनै राजा आफ्नो चतुरङ्गिनी सेनाको साथमा लडाईंमा जानुहुन्छ । सारा सेना, सबै हात्ती, सबै घोडा, सबै रथ र सबै पैदल सैनिकहरू लडाईं भएतिर बढ्छन् त्यसतर्फ तनमन दिन्छन र त्यहीं गएर भीडछन लड्छन । महाराज ! उसरी नै पुण्य-धर्महरू छन् । यसरी 'प्रमुख हुनु' समाधिको पहिचान हो । भगवानले भन्नु भएको पनि छ "भिक्षुगण ! समाधिको अभ्यास गर, समाधि लागेका साँचो ज्ञान हुन्छ ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।" (क्रमशः)



Downloaded from http://www.dhamma.digital

# बोधिज्ञान

■ मुनिन्द्र

बुद्धधर्म थें तःजिगु धर्म छुं मदु । बुद्धया बोधिज्ञान सकल प्राणीतसें प्रणय यायमाः अले जीवनय् वइगु सुख आनन्दया भोग याय् फइ । तर थौंकन्हे मनूतय्के थजागु धर्मकर्मया फल मथुया चन । उकें छु नं छुं थुइकेया लागि बोधिज्ञान थुइकेगु आवश्यकता जू वइ । थन स्वंगू बोधिज्ञानया परिचय यायगु स्वय् ।

दकले न्हापां 'बोधि प्रणिधि' धयागु ज्ञानयात थुइकेगु याय् । बोधि प्रणिधि मूल अर्थ कथं थथे व्याख्या याना तःगु दु । थ्व विश्वय् ब्रह्माण्डय् गुबले तक आकाश धातु दया च्वनी अनतक च्वनांच्वपिं देवदैत्य मनुष्य तिर्यक प्रेत नरक थ्व खुगू गतिस जन्म कया च्वंपिं खः ।

थौं गुलि तक ल्यना च्वनी उलितक सर्वसत्व प्राणीपिं दकले सकले थें हे थी मां अबुपिं खः । मां अबु सृष्टिकर्तायां रूपय्‌लुमंके माः । मां अबुया प्रताप हे चेय्यंगू लाख जूनि चा चा हिला थौंतक नं निरन्तरता न्ह्याना च्वन । उकिं थाइ जन्म मरण धयागु षड्गति चक्रस युग युगान्तर चा चा वइ । थी थी प्राणीया थी थी मां अबु जुया: वया च्वनी । उकें मां अबुया विशेषता यात कया: मां अबुयात मचातसें स्नेह बिइ माःगु खः । मां अबुया करूणा गुलि महत्व धयागु मचाखाचां नं सिइके मागु जुल । उलितक सखु मां अबुया जन्मभूमिइ च्वंपिं सर्वसत्वप्राणी पिनिगु उद्धारया लागि नं त्रिरत्न शरणया वनें धका जपतप पाठपूजा यायगु भावना यायगु याई । बोधि प्रणिधि या मूल विशेषता हे थ्व खः ।

बोधिज्ञानया निगुगु विचार खः 'बोधिप्रस्थान' । बोधिप्रस्थान धका त्रिरत्नया अनुशरण यायगु खः । थ्वया लागि ध्यान यायगु, पूजापाठ यायगु खः । थजागु पूजा पाठ यायगु इले चित्त शुद्धिकरण यायमा । कायं, वाक व चित्त यात अभ्यास तया: उखेथुखे ध्यान मतसे , मनसं शरीर शुद्ध यायमा । वाक शुद्धि धका न्हुतुं छु हे अनुचित वाक्य पिमकासे छुकी ध्यान तयागु खः उकीहे तक वाक्य पिकायगु खः । चित्त यात शुद्धि यायगु जुल । छु ज्या यायगु खः व ज्या निर्भीक यायगु खः । थौंकन्हेया मचातय् थ्व प्राणिधिया ध्यान पटक हे मबना च्वन । पूजा पाठ यायगु धर्मया आचरण यायगुलि छुं मचा हे भावना मदु । थुकें याना थौंकन्हेया मचातय्के दया, मायाया भावना मदुगु जुल । धर्मया मर्म मथुया दान धर्म यायगु लिइ पट्टक भावना मदु । उकें अपो धयाथें थौंकन्हेया मस्त मतलबी जूवन । थजागु धर्म कर्म प्राणायामया भावना मदुगुलिं हे आपालं मनूत, मचाखाचात थी थी कथंया रोग व्याधिं सते यानां च्वन । उकें आः रामदेव थें जाःपिं योगीतय्‌गु प्राणायाम व कपालभाती थें जागु ध्यानय् जोड बिइ माला च्वन । खयतला थजागु ध्यान भावना न्हापा न्हापा हे बुद्धया बोधिज्ञानय् नं केना थके धुंकूगु खः । उके आहेनं क्रमसेक्रम छ्रफा बुद्धया मूर्तिया न्हयोने च्वनाः ध्यानय् च्वंसा छुं कथंया ज्ञान लाभ अवश्य जुइ ।

बोधिज्ञान स्वंगूगु ज्ञान खः "बोधि परिणाममना" थ्व बोधि परिणाममनाया ज्ञान कथं फुकक धर्म उथें गयानिगु खः । सर्वसत्व प्राणिपिनिगु भलाईया लागि धर्मया आचरण यायगु खः । षड्गतितस च्वंपिं मां अबुयात लुमंका धर्म कर्म यायगु यायमाः । गथेकि धर्म यानागु दानपुण्य, जपतप पाठ, पूजा धर्म दक्वं षड्गतिस च्वंपिं मां अबुपिन्त नं सर्वसत्व प्राणीपिन्त नं लायमा धका आशिष यायमाः । उकें थ्वया लागि प्राणीधान यायगु, भद्रचरी ब्वनेगु, बोधिचर्यास च्वंगु बोधिपरिणाममना ब्वनेगु यायगु खः । थुकें हे सर्वसत्व प्राणीपिं सुखावती भुवने वास लाकाबिइ । बोधि ज्ञानया स्वंगू ज्ञान अति महत्व जाया च्वंगु दु ।

## धर्म प्रचार — समाचार

**मैत्रेय युवा संघको मासिक बौद्ध कक्षा / छलफल**

*प्रवचक, लेखक- रत्न सुन्दर शाक्य*

१) विषय - नारी जाति उत्थानको लागि बुद्धको देन ।
प्रवचक - रीना तुलाधर
२) विषय - समाज उत्थानको लागि नारी जातिको भूमिका ।
प्रवचक - सविता धाख्वा
३) विषय - बुद्ध गुण, धर्म गुण, संघ गुण, शील क्लिन क्लास सञ्चालन ।
प्रवचक - श्रद्धेय भिक्षु धम्मशोभन महास्थविर
४) विषय-संघ संस्थालाई कसरी विकास गर्ने बारे छलफल ।
प्रवचक - सविता धाख्वा
५) विषय - सम्राट अशोकबाट अष्टशस्त्र परित्याग ।
प्रवचक - श्रद्धेय भिक्षु राहुल स्थविर
६) फर्पिङ भ्रमणको समिक्षा, भ्रमण सम्बन्धि सुलोचना कोजु, प्रमिला धाख्वा, कृष्ण लामाबाट आफ्नो विचार व्यक्त । मुनि विहारका अध्यक्ष राम कृष्ण वैद्यबाट शिल सम्बन्धी प्रवचन ।
७) विषय - परियत्ति शिक्षा सम्बन्धी छलफल ।
मुनि विहारका अध्यक्ष - रामकृष्ण वैद्य
बौद्ध संघका अध्यक्ष - संघरत्न शाक्य
निवर्तमान पुचःको अध्यक्ष - धर्म रत्न शाक्य
मैत्रेय युवा संघको अध्यक्ष - तिर्थराज वज्राचार्य
८) विषय - नेपालमा बुद्ध धर्म प्रचार प्रसार गर्नको लागि थेर वाद भिक्षुहरुको योगदान ।

# अनुभव - चारधाम वनाबलेया-३

■ ज्ञानकाजी शाक्य

**शौचालय**

थुथाय्लाक्क जित धाःसां पिइ हे मफयक शौच याये माल । थुखें उखें ब्वां जुया ट्वाइलेट माः वना । गनं मखना । गनं ख्यूं थाय् वंसा ज्यू नि धैगु सुझाव वल । ख्यूं थाय् माःनं वना । दन्न च्वं सकभनं । छम्ह मनू ७ नं प्लेटफार्म स्वया थ्व कर्तव्य पुरा याना च्वन । थम्हं अथे याय् मफुत । प्लेटफार्मया दक्षिण पट्टि स्ववना । छगू एकान्त थें ज्यागु थासे छखा छें खना । च्वया ल्यूने वनेका धका छें स्वया वले 'शौचालय' च्वया तल । न्हाय् त्यु त्युं दुहां वना म्ह याँउका वया ।

आया पटके धासा धाःसा धाःवले लखनौ-बरौनी एक्सप्रेस थ्यंक वल - २:१५ बजे भरतीय समयानुसार १५ मिनेट लिपा ट्रेन न्ह्यात ।

छले चने माम्ह मनू । चने मखंवले बर्थय् चनेत सना न्ह्यो भवो । छखें सामान खुया यंकि धैगु नं पीर । रेल न्ह्यावना च्वन । गुलिं यात्रीत धाःसा मस्त न्ह्यो वयकल ।

**ट्रेने सिखः (Chain) सालेगु चलन**

जि चाहिं उकुस मुकुस जूगुलिं बर्थ क्वाहां वया । रैलया लुखां चायका पिनेया रात्री दृश्य स्वस्वं वना । छगू स्टेशने गजवगू सूचना ल्वहंया सूचं पाटीइ (Stone Slab) च्वया तल, "गोरखपुर छपरा वइगु ट्रेन अनधिकृत रूपं सिखः सालिगुंलि लिवाइगु खः ।" थ्व मनुतयत सचेत वा सतर्क यायेत पिकाःगु सूचना खःला वा सरकारया लाचारीपन क्यनेत थथे याःगु खः, जिं थुइके मफुत । अनाधिकृत रूपं सिख सालिपिन्त कानूनी कारवाही छाय् याये मफुत थ्व जिगु दिमागे न्ह्यसःया रूपे दं वल । किन्तु दण्डहीनताया थजागु रूपं झीगु हे जक आपा अवस्थाय् मुक्त ला ? थःगु म्हय् किसिं न्हुइ त्यंगु मखं मेपिनी म्हय् सि छु धका माला जुइगु ? जिगु मनं खं ल्हात ।

**सुरक्षा व्यवस्था**

कार्तिक ७ गते सुथस्या प्रहरे निम्ह ल्यासेपिं मिस्त स्ये हाहां थ्यवा फ्वंबल । थ्व हे वीचे निम्ह सशस्त्र सुरक्षा गार्डत न ट्रेने खने दत । इपिं खनेव म्ये हालिपिं मिस्त गायब जुल । रेल्वे दुने चान्हे नं थथे गार्डत खास्ययु वगु खनागु खः । शायदं विहार राज्ये आतंक मच्चें ज्वीगु ज्या मदिउगुलिं पेसेन्जरतय सुरक्षाया लागि थुपिं वगु जुइमा ।

**पटनां गया रेल वनाबलेया सास्ति**

सुथसिया ८:३० बजे ट्रेन जिमित हाजीपुर त्वता वन । थ्व थाय् चिकिचा धंगु स्टेशन जुया च्वन । अनं जिपिं एम्बेसडर कार (टेक्सी) क्या पटना रेल्वे जंक्सनं वया । पटना हटिया एक्सप्रेस रेल ११:४० बजे पटना त्वति धागुलिं उकियां टिकट क्या । रेल धात्थें टाइमं मवइगु हे जुया च्वन । गोरखपुरया स्टेशन फोहोर धयां थन ला झन् प्लेटफार्मे नवया च्वनां च्वने मज्यू । मिभासं ववागु घटे मया । उकिसनं सुथय् नयगु समय नं छवलाय् । थनके दुगु नास्ता न प्लेटफार्मया दुर्गन्धं नय मास्ति मवइगु हे जुल । पटनां गया तक १, २ घण्टाया चिकचा हाकगु यात्रा खःधका बर्थया टिकट मव्यूगुलिं साधारण सेकेण्ड क्लासया डिब्बां यात्रा याये मागु जुल ।

१ घण्टा २० मिनेट लिवाक्क रेल थ्यंक वल । जिपिं ल्यायम्हपिं पेसेन्जरत मखुगु जुया सकलें छगू हे डिब्बाय् च्वनेगु प्रयास यासां हुल जुइगु खना निगू ग्रुप (समूह) याना । जिगु ग्रुपे लाम्ह प्रज्ञाया न्हापा रेलया लुखां दुत छ्वयत लिउनं घ्वाना छ्वये माल । प्याहां वइपिं न छ्वतलं व हे इलय् प्याहां वयेत स्वइगु, दुहां वनिपिं न व हे इलय् दुहां वनेत सनिगु । 'भतिचा पिने हं ।' धका न्ह्याक्व हाःसां सुनां न्यों धका ? मानौं प्याहां वये हेफइ मखुला धका रेलया दुनेयापिं पेसेन्जरतयसं वल पिकया प्याहां वयेत सनिगु, मानों दुने च्वनेत सिट दइ हे मखुला धैगु भयं जवरजस्ती यापिं दुहां वनेत सनिगु । निगुलं पक्षया जवरजस्ती धौ पलख ला लुखा जाम । अथे जवरजस्ती दुहां वना न दुनेला फुक्क सिट प्याक (Pack) जुया च्वने धुंकल । छथाय् खालि सिट खना हतपत्त व्यागं दिका । खालि मखु ! खाली मखु ! धका छम्ह पेसेन्जर हाला च्वंगु खः । 'जिमिगु सिट खः थ्व धका ततसकं हासालि वं त्वता वन । थुगु किसिमं मेपिं सकलें वपिन्त नं च्वनेत सिट दत । २ घण्टा ति लिपा जिपिं गया थ्यन । (क्रमशः)



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार



धर्मकीर्ति परिक्षा केन्द्रबाट बु.सं. २५५२, वि.सं. २०६४ को नेपाल बौद्ध परियत्ति शिक्षा परीक्षामा उत्तिर्ण परिक्षार्थीहरूको नाम, श्रेणी एवं लब्धाङ्क प्रतिशत विवरण-

## परियत्ति शिक्षा केन्द्र, धर्मकीर्ति विहार, श्रीघः

| क्र.सं. | पञ्जिका | नाम | कक्षा | श्रेणी | लब्धाङ्क % |
|---|---|---|---|---|---|
| १. | १४१६ | अ. शुभवती लामा | १० | द्वितीय | ५२.६७ |
| २. | १३६६ | अ. रम्मावती | ९ | द्वितीय | ६०.४२ |
| ३. | ८८५२ | अ. दानवती | ९ | तृतीय | ४६.३३ |
| ४. | ८०७३ | प्रेमलता तुलाधर | ८ | द्वितीय | ५९.३३ |
| ५. | ५७४९ | अ. शील गौतमी | ८ | द्वितीय | ५५.९२ |
| ६. | ४२४१ | मीना तुलाधर | ७ | बोर्ड प्रथम | ७७.४० |
| ७. | ४२४१ | अ. प्रीतिवती | ७ | बोर्ड द्वितीय | ७३.६० |
| ८. | ५८०७ | विजय लक्ष्मी शाक्य | ७ | बोर्ड तृतीय | ६९.८० |
| ९. | ५८९४ | पद्मा नकर्मी | ७ | प्रथम | ६५.२० |
| १०. | ५८०८ | लक्ष्मी हिरा स्थापित | ७ | द्वितीय | ४५.८० |
| ११. | ३८७५ | अ. सुवण्णवती | ६ | बोर्ड द्वितीय | ७६.७५ |
| १२. | ९०९२ | अ. ध्यानवती | ६ | बोर्ड तृतीय | ७६.२५ |
| १३. | १११०८ | अ. शुसीलवती | ६ | प्रथम | ७४.५० |
| १४. | २९८३ | अ. अमता | ६ | प्रथम | ६६.२५ |
| १५. | ९०८९ | सबिता तुलाधर | ६ | प्रथम | ६५.२५ |
| १६. | २९९९ | श्यामलाल चित्रकार | ६ | प्रथम | ६४.७५ |
| १७. | ५७५८ | अ. सुपभावती | ५ | प्रथम | ७७ |
| १८. | ५६६८ | सितु मानन्धर | ५ | प्रथम | ६१ |
| १९. | ९१८४ | दीना कंसाकार | ४ | प्रथम | ६८ |
| २०. | ७६८९ | एमन शाक्य | ४ | प्रथम | ६४ |
| २१. | ७४९४ | निर्मला नकर्मी | ४ | प्रथम | ६२ |
| २२. | ७५३६ | हिरा कुमारी महर्जन | ४ | प्रथम | ६२ |
| २३. | ७५४९ | जेनिश नकर्मी | ४ | प्रथम | ६० |
| २४. | १३०५६ | अ. विरोसनी | ४ | प्रथम | ६० |
| २५. | २५४८ | सुशीला शाक्य | ४ | द्वितीय | ५७ |
| २६. | ११०९१ | नुरी स्थापित | ४ | द्वितीय | ५५ |
| २७. | ५७०० | अमित महर्जन | ४ | द्वितीय | ५२ |
| २८. | ७५३४ | विष्णु कुमारी महर्जन | ४ | द्वितीय | ५१ |
| २९. | १३०५५ | सहना महर्जन | ४ | द्वितीय | ५० |
| ३०. | १११०५ | अ. सुजाता | ४ | द्वितीय | ४८ |
| ३१. | ३३२० | राकेश महर्जन | ४ | तृतीय | ४४ |
| ३२. | १३०५७ | अम्बिका शाक्य | ३ | प्रथम | ८१ |
| ३३. | ९१०१ | भावनावती | ३ | प्रथम | ६९.६० |
| ३४. | ७२६९ | महेश्वरी महर्जन | ३ | प्रथम | ६९.२५ |
| ३५. | १११२५ | बाबुराम गोले | ३ | प्रथम | ६१.५० |
| ३६. | ९१८१ | यशु महर्जन | ३ | प्रथम | ६०.२५ |
| ३७. | ७२७० | महेश महर्जन | ३ | द्वितीय | ५६.५० |
| ३८. | ९७३८ | एजन शाक्य | ३ | द्वितीय | ५६.२५ |
| ३९. | ९१०२ | अ. पभावती | ३ | द्वितीय | ५४.८० |
| ४०. | ७९७० | भिक्षु गौतम | ३ | तृतीय | ३९.५० |
| ४१. | ११०९८ | श्रोता शाक्य | २ | प्रथम | ८१ |
| ४२. | ११०७६ | अभिषेक रत्न शाक्य | २ | प्रथम | ७२ |
| ४३. | ११०९७ | विपस्सना शाक्य | २ | प्रथम | ६२ |
| ४४. | ११०९६ | सुमित्रा शाक्य | २ | द्वितीय | ५९ |
| ४५. | १३०५८ | अञ्जु पौडेल | २ | द्वितीय | ५६ |
| ४६. | ७५[illegible] | दानदेवी प्रजापति | २ | द्वितीय | ५४ |
| ४७. | १११९५ | उमेश लामा | २ | तृतीय | ४१ |
| ४८. | १११९८ | सरोज विन्दुकार | २ | तृतीय | ४१ |
| ४९. | १३०३० | दानकेशरी | १ | प्रथम | ८० |
| ५०. | १३०५१ | तारा शाक्य | १ | प्रथम | ८० |
| ५१. | १३०४० | रत्नदेवी महर्जन | १ | प्रथम | ७८ |
| ५२. | १३०५२ | पवित्र मानन्धर | १ | प्रथम | ७८ |
| ५३. | १३०४७ | छोरी महर्जन | १ | प्रथम | ७२ |
| ५४. | १३०४१ | समिता तामाङ | १ | प्रथम | ७१ |
| ५५. | १३०२६ | सृष्टि कपाली | १ | प्रथम | ७० |
| ५६. | १३०३६ | दितिमा | १ | प्रथम | ७० |
| ५७. | १३०३७ | तुसीता | १ | प्रथम | ७० |
| ५८. | १३०३३ | सिन्चु मानन्धर | १ | प्रथम | ६८ |
| ५९. | १३०३९ | नानी हिरा प्रजापति | १ | प्रथम | ६५ |
| ६०. | १३०४५ | रश्मि शाक्य | १ | प्रथम | ६५ |
| ६१. | १३०३४ | लक्ष्मी मानन्धर | १ | प्रथम | ६५ |
| ६२. | १३०४९ | बबी बज्राचार्य | १ | प्रथम | ६४ |
| ६३. | १३०२८ | सोनिया शाक्य | १ | प्रथम | ६२ |
| ६४. | १३०३५ | गुणाश्री | १ | प्रथम | ६२ |
| ६५. | १३०४८ | सृजना बज्राचार्य | १ | प्रथम | ६१ |
| ६६. | १३०२७ | बुद्ध कुमारी पौडेल | १ | द्वितीय | ५९ |
| ६७. | १३०३२ | नीरुता श्रेष्ठ | १ | द्वितीय | ५९ |
| ६८. | १३०३८ | सुखीता | १ | द्वितीय | ५८ |
| ६९. | १३०३१ | रत्ना श्रेष्ठ | १ | द्वितीय | ५८ |
| ७०. | १३०४४ | अनुश्री शाक्य | १ | द्वितीय | ५४ |
| ७१. | १३०४३ | राहुल गोले | १ | द्वितीय | ५२ |
| ७२. | १३०४२ | राजेन्द्र लामा | १ | द्वितीय | ४८ |
| ७३. | १३०२९ | सृजन कपाली | १ | द्वितीय | ४६ |
| ७४. | १३०५० | अरुणिमा खड्गी | १ | द्वितीय | ४६ |
| ७५. | १३०४६ | बसुन्धरा मानन्धर | १ | तृतीय | ३५ |



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको वार्षिक भेला सम्पन्न ।

*२०६४ चैत्र २ शनिवार*
*धर्मकीर्ति विहार, श्रीघ: न:घ: ।*

यसदिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले धम्मवती गुरुमांको सभापतित्वमा वार्षिक भेला सम्पन्न गरिएको थियो । प्रेमलक्ष्मी तुलाधरले संचालन गर्नुभएको उक्त कार्यक्रममा धर्मकीर्ति बौद्ध अध्यन गोष्ठीका उपाध्यक्ष अमीर कुमारी शाक्यले स्वागत गर्नुभएको थियो ।

त्यसपछि गोष्ठीका सचिव रमा कंसाकारले अध्ययन गोष्ठीको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । यसरी नै वि.सं. २०६४ को अल्पकालिन श्रामणेर ऋषिणी प्रव्रज्या कार्यक्रमको प्रतिवेदन इन्दावती गुरुमांले प्रस्तुत गर्नुभएको थियो भने अध्ययन गोष्ठीका सह कोषाध्यक्ष विजय लक्ष्मी शाक्यले वार्षिक आयव्यय प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । गोष्ठीका सदस्य रीना तुलाधरले लाइब्रेरीको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । वि.सं. २०६४ सालमा बिभिन्न कार्यक्रमहरू संचालनार्थ संयोजकको रूपमा भूमिका निभाउनु हुने सदस्यहरूलाई धम्मवती गुरुमांको तर्फबाट उपहार प्रदान गराइएको थियो ।

मीन शोभा शाक्यले धन्यवाद ज्ञापन गर्नु भएको उक्त कार्यक्रममा धम्मवती गुरुमांले सभापति मन्तव्य व्यक्त गर्नुहुँदै भन्नुभयो - "हाम्रो मन धेरैजसो अकुशल कार्यतर्फ अग्रसर भइरहने हुनाले सकेसम्म हामीले राम्रो कार्यको आयोजना गरी यस मनलाई अलमलाई राख्न पर्दछ । किनभने राम्रो बीऊ रोपेको खण्डमा मात्र राम्रो फलको उपभोग गर्न पाइनेछ ।"

कोषाध्यक्ष श्यामलाल चित्रकारले यस वार्षिक भेलाको अवसरमा तयार पारी पेश गर्नुभएको प्रतिवेदन तल उल्लेख गरिएका छन् :

**१) शनिवारिय कक्षा संचालन प्रतिवेदन**

*प्रस्तुतकर्ता- श्यामलाल चित्रकार*
*प्रस्तुत मिति- २०६४/१२/०२*

धर्मकीर्ति विहारमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको स्थापना कालदेखि बुद्ध शिक्षा अध्ययन र अध्यापन गर्नु एक प्रमुख उद्देश्य भएको र यो उद्देश्य हासिल गर्न अन्य विविध क्रियाकलापको साथसाथै हरेक शनिवार बिहान ८:३० बजे भिक्षु, भिक्षुणीहरू र बौद्ध विद्वानहरूबाट प्रवचन तथा छलफल कार्यक्रम अटुट रूपमा संचालन हुँदै आएको छ । यस २०६४ सालको फागुन मसान्तसम्ममा ४८ वटा शनिवारहरू मध्ये ८ वटा शनिवार चाडपर्व तथा अन्य कार्यक्रम भएकोमा बाँकी ४० शनिवारहरूमा निम्न भिक्षु, भिक्षुणी र बौद्ध विद्वानहरूले कक्षा लिनुभएको थियो ।

| | *नाम* | *कक्षा संख्या* |
|---|---|---|
| १. | श्रद्धेय भिक्षु अश्वघोष महास्थवीर | १ |
| २. | श्रद्धेय भिक्षुणी धम्मवती गुरुमां | ७ |
| ३. | श्रद्धेय भिक्षुणी सुजाता गुरुमां | ४ |
| ४. | श्रद्धेय भिक्षुणी इन्दावती गुरुमां | २ |
| ५. | श्रद्धेय भिक्षु आनन्द | १ |
| ६. | श्रद्धेय भिक्षुणी पञ्ञावती गुरुमां | १ |
| ७. | श्रद्धेय भिक्षुणी अग्गञाणी गुरुमां | १ |
| ८. | श्रद्धेय भिक्षु के. पञ्ञाविमल, श्रीलंका | १ |
| ९. | श्री. डा. नरेशमान वज्राचार्य | ६ |
| १०. | श्री मदन रत्न मानन्धर | ४ |
| ११. | श्रीमती रीना तुलाधर | ३ |
| १२. | श्रीमती प्रेमहीरा तुलाधर | १ |
| १३. | श्रीमती लोचनतारा तुलाधर | १ |
| १४. | श्री श्यामलाल चित्रकार | १ |
| | जम्मा | ४० |

उहाँहरू सबै प्रवचक/प्रवचिकाहरूलाई यस अध्ययन गोष्ठी हार्दिक कृतज्ञता अर्पण गर्दछ । यस प्रकार निरन्तर सहयोगको लागि अपेक्षा गर्दछौं । यस वर्ष पनि गत वर्षहरूमा झैं कक्षाहरू ज्यादै रोचक र ज्ञानवर्द्धक रह्यो । अझ बढी प्रभावकारिता बढाउन र बढी सहभागिता जुटाउन यस वार्षिक भेलामा उपस्थित महानुभावहरूले आ-आफ्नो बहुमूल्य सुझाव र सहयोगको लागि निवेदन गर्दछौं ।



Downloaded from http://www.dhamma.digital

## २) आर्थिक प्रतिवेदन

वि.सं. २०६४ बैशाख १ देखि २०६४/११/३० सम्म जम्मा आम्दानी रू. १,०६,७०४/६२ मध्ये रू. ९८,९०४/६९ खर्च भई रू. ७,७९९/९३ वचत भएको छ। गत वर्षको बैंक मौज्दात रू. २,७७,७८६/९२ भएकोमा २०६४ साल फागुन मसान्तसम्ममा रू. २,७४,९०९/११ बैंक मौज्दात बाँकी छ। साथै श्री अमीर कुमारी शाक्यसँग रू. ९,९२७/७५ नगद मौज्दात बाँकी छ। कार्यक्रम अनुसार तथा अन्य आम्दानी खर्चको विवरण निम्न बमोजिम प्रस्तुत गरेको छु।

| क्र.सं. | विवरण | खर्च | आम्दानी | वचत (न्युन) |
|---|---|---|---|---|
| | क) कार्यक्रमहरू | | | |
| १. | बाल भेला २०६३ | ४,६९५/०० | १,४६०/०० | (३,२३५/००) |
| २. | वार्षिक भेला २०६३ | ५,२६०/०० | ३,७००/०० | (१,५६०/००) |
| ३. | सम्मान कार्यक्रम | १,९८०/०० | | (१,९८०/००) |
| ४. | प्रव्रज्या दिवस | ६,६६८/०० | ४,१०८/०० | (२,५६०/००) |
| ५. | प्रव्रज्या दिवसको नपुग रकम संयोजक तथा परिवारबाट परिपूर्ति | | २,५६०/०० | २,५६०/०० |
| ६. | श्रद्धेय धम्मवती गुरुमां जन्मोत्सव | २,५००/०० | | (२,५००/००) |
| ७. | गुरुपूजा | ६,१२०/०० | ६,१२०/०० | |
| ८. | श्रद्धेय अश्वघोष जन्मोत्सव | २,५००/०० | | (२,५००/००) |
| | जम्मा | २९,७२३/०० | १७,९४८/०० | (११,७७५/००) |
| ९. | अल्पकालिन प्रव्रज्या | ५७,१८९/२५ | ६७,११७/०० | ९,९२७/७५ |
| | ख) अन्य आम्दानी खर्च | | | |
| १. | विज्ञापन | २,७००/०० | | |
| २. | फोटो | ५२४/०० | | |
| ३. | मसलन्द | ८५/०० | | |
| ४. | चाँदीको फ्रेमहरू | ७,५९५/०० | | |
| ५. | यातायात खर्च | ७००/०० | | |
| ६. | ब्याज कर | ३८८/४४ | | |
| ७. | सदस्यता शुल्क | | २,९००/०० | |
| ८. | ब्याज आम्दानी | | १८,७३९/६२ | |
| | जम्मा | ११,९९२/४४ | २१,६३९/६२ | ९,६४७/१८ |
| | कुल जम्मा | ९८,९०४/६९ | १,०६,७०४/६२ | ७,७९९/९३ |

| | | | |
|---|---|---|---|
| | गत वर्षको बैंक मौज्दात | | २,७७,७८६/०० |
| | थप यस वर्षको वचत | | ७,७९९/९३ |
| | | | २,८५,५८६/८५ |
| | गत वर्षको दिन बाँकी भुक्तान | | ७५०/०० |
| | यस वर्षको बैंक तथा नगद मौज्दात | | २,८४,८३६/८५ |
| १. | एक्सप्रेस सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि.म. र. नं. ००३४९ | | २,००,०००/०० |
| २. | एक्सप्रेस सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि. बचत खाता मौज्दात | | ४६,४८२/५५ |
| ३. | नेपाल बैंक लि. बचत खाता मौज्दात | | २८,४२६/५५ |
| ४. | श्री अमीर कुमारीसँग नगद मौज्दात | | ९,९२७/७५ |
| | जम्मा बैंक तथा नगद मौज्दात | | २,८४,८३६/८५ |

## धर्मकीर्ति विहार संरक्षण कोषको वार्षिक साधारण सभा सम्पन्न

*०६४ चैत्र १६ शनिवार, धर्मकीर्ति विहार, श्रीघः नःघल*

धर्मकीर्ति विहार संरक्षण कोषको पाँचौं साधारण सभा धर्मकीर्ति विहारको धम्महलमा सम्पन्न भएको छ । कोषका उपाध्यक्ष द्रव्यमान सिंह तुलाधरको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रम कोषमा कार्यकारिणी सदस्य मदन रत्न मानन्धर र धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्य प्रफुल्ल कमल ताम्राकरले संचालन गर्नुभएका थिए। यसरी नै द्रव्यमान सिंह तुलाधरले भगवान् बुद्धको मूर्ति अगाडि प्रदीप बाल्नुभई कार्यक्रमको समुद्‌घाटन गर्नुभई सभामा उपस्थित हुनुभएका महानुभावहरूलाई स्वागत गर्नुभएको थियो ।

कोषका सचिव कीर्ति तुलाधरले वार्षिक साधारण सभाको एजेण्डा प्रस्तुत गर्नुभएपछि यसलाई कार्यकारिणी सभाको तर्फबाट अनुमोदन गरिएको थियो ।

त्यसपछि उक्त सभामा राखिएको कार्यक्रम अनुसार अन्य कार्यक्रमहरू यसरी संचालन गरिएका थिए ।

**१) सचिवको प्रतिवेदन**

सचिव कीर्ति तुलाधरले मिटिङ्गको माइन्यूट पढेर सुनाउनु भएपछि यस विषयमा विशेष छलफल गरी उक्त माइन्यूट अनुमोदन गरिएको थियो । साथै उहाँको तर्फबाट वार्षिक प्रतिवेदन पनि प्रस्तुत गरियो । वर्षभरिमा सम्पन्न गरिएका कार्यक्रम र विभिन्न समयमा सम्पन्न गरिएका कार्यकारिणी मिटिङ्ग विषयमा पनि छलफल गरियो ।

**२) संरक्षण कोषको आर्थिक प्रतिवेदन**

कोषका सह कोषाध्यक्ष रीना तुलाधरको तर्फबाट कोषको आयव्यय विवरण प्रस्तुत गरिएको थियो ।

**३) सम्बन्धन प्राप्त विहारहरूबाट प्रतिवेदन प्रस्तुत**

यस विषयमा धर्मकीर्ति बसुन्धरा विहार बसुन्धरा डोलको तर्फबाट उपलब्ध वार्षिक प्रतिवेदन मदन रत्न मानन्धरले पढेर सुनाउनु भएको थियो । अन्य विहारहरूबाट प्रतिवेदन प्राप्त भएको थिएन ।

**४) विभिन्न ईकाईहरूबाट प्रतिवेदन प्रस्तुत**

क) धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सचिव रमा कंसाकारको तर्फबाट धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको वि.सं. २०६४ सालको वार्षिक प्रतिवेदन र २०६५ सालको भावी कार्यक्रम प्रस्तुत गर्नुभएको थियो । साथै अडियो भिजुयलको वार्षिक प्रतिवेदन पनि प्रस्तुत गर्नुभएको थियो ।

ख) रोशन काजी तुलाधरले धर्मकीर्ति स्वास्थ्य कमिटीको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

ग) धर्मकीर्ति ज्ञानमाला भजनका सचिव प्रेमलक्ष्मी तुलाधरले उक्त भजनको वार्षिक प्रतिवेदनका साथै आयव्यय विवरण पनि प्रस्तुत गर्नुभएको थियो ।

घ) धर्मकीर्ति शिक्षा सदनका प्रिन्सिपल कीर्ति तुलाधरले यस शिक्षा सदनको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

यसरी माथि उल्लेखित सबै प्रतिवेदनहरूलाई सर्व सम्मतिको तर्फबाट अनुमोदन गरिएको थियो ।

५) प्रतिवेदन प्रस्तुती पछि कोषका सचिव कीर्ति तुलाधरले प्रस्तुत गर्नुभएको विधान संशोधन प्रकृयालाई सर्वसम्मतिको तर्फबाट अनुमोदन गरियो ।

६) धर्मकीर्ति संरक्षण कोषको विधान अनुसार पदाधिकारीहरूको पदावधि २ वर्ष सम्मको रहने नियमानुसार कार्यकारिणी सदस्यहरूको हेरफेर भएको छ । हालदेखि यस कोषको कार्यकारिणी सदस्यहरू सर्वसम्मतिबाट पारित भई तल उल्लेख गरिए अनुसार नयाँ पदाधिकारीहरू रहने भएको छ ।

| | | |
|---|---|---|
| धर्मानुशासक | - | भिक्षु अश्वघोष महास्थविर |
| अध्यक्ष | - | भिक्षुणी धम्मवती |
| उपाध्यक्ष | - | भिक्षुणी धम्मदिन्ना (चमेली गुरुमां) |
| उपाध्यक्ष | - | श्री द्रव्यमान सिंह तुलाधर |
| सचिव | - | श्रीमती मीना तुलाधर |
| सहसचिव | - | श्रीमती प्रफुल्ल कमल तुलाधर |
| कोषाध्यक्ष | - | श्री सानु रत्न स्थापित |
| सहकोषाध्यक्ष | - | श्रीमती रीना तुलाधर |
| सल्लाहकार सदस्य | - | श्री लोकदर्शन वज्राचार्य |
| सदस्य | - | श्री हीराकाजी शाक्य |
| सदस्य | - | श्री मदन रत्न मानन्धर |
| सदस्य | - | श्री मोतीकाजी शाक्य |
| सदस्य | - | श्री अगम्यरत्न कंसाकार |
| सदस्य | - | श्री कीर्ति तुलाधर |

**लेखा परिक्षकको नियुक्ती**

लेखा परिक्षकको रूपमा कार्यरत रहँदै आउनुभएका श्यामलाल चित्रकारलाई पारिश्रमिकको रूपमा रु. २५००/- प्रदान गरी पुनः उहाँलाई नै यस कार्यभार सुम्पिएको छ ।

**मन्तव्य व्यक्त**

मन्तव्य व्यक्त गर्ने क्रममा कोषका उपाध्यक्ष चमेली गुरुमांले आफ्नो मन्तव्य राख्नु भएको थियो । सह सचिव मीना तुलाधरले धन्यवाद ज्ञापन गर्नुभएको थियो । अध्यक्ष धम्मवती गुरुमांबाट सबैले धर्म क्षेत्रमा सहयोग गरी धर्म प्रचार कार्य सुचारु रूपले अगाडि बढाउन सकून् भनी प्रेरणा दिनुहुँदै धर्म देशना गर्नुभएको थियो ।

कार्यक्रमको समापन पश्चात् सभामा उपस्थित हुनुभएका सबैलाई चियापान गराई कार्यक्रम समापन गरिएको थियो ।

### *धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, शनिबारिय कक्षा*

**त्रिबोधि**

*०६४/११/२५, धर्मकीर्ति विहार, श्रीघः नघः*

*प्रस्तुती - सुभद्रा स्थापित*

यसदिन डा. नरेशमान वज्राचार्यले "त्रिबोधि" विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो—





Downloaded from http://www.dhamma.digital

त्रिबोधिले तीन प्रकारका ज्ञानहरू भन्ने जनाउँदछ । एकपटक भगवान् बुद्ध श्रावस्ति स्थित अचिरवती नदी छेऊमा धर्मदेशना गरिरहनु भएको बेला उहाँको धर्मदेशनाबाट प्रभावित भएका नजिकैको माझी गाउँका गाउँलेहरूले उहाँलाई आफ्नो गाउँमा पनि धर्मदेशना गरिदिनहुन आग्रह गरे । उनीहरूले भगवान् बुद्ध सहित भिक्षु संघलाई डुंगामा राखेर आफ्नो गाउँमा लगे । गाउँमा स्वागत सत्कारका साथ भोजन दान गरी भगवान् बुद्धको धर्मदेशना एकाग्रह चित्तले सुने । फलस्वरूप उनीहरू मध्ये कोहीले श्रोतापन्न, कोहीले सकृदागामी, कोहीले अनागामी र कोहीले अर्हत गरी ज्ञानका पदहरू प्राप्त गर्न सफल भए ।

यसरी त्यसबेला कोहीले श्रावक बोधि, कोहीले प्रत्येक बोधि र कोहीले सम्यक बोधि हुनको लागि संस्कार रोप्ने शक्ति प्राप्त गरे । यसैलाई त्रिबोधि भनिन्छ । यही त्रिबोधि पछि त्रिबुद्ध हुन पुग्यो । जस्तै (१) श्राबक बुद्ध (आफु र अरूलाई समेत सुमार्गतिर जान सक्ने ज्ञान दिनको लागि विभिन्न स्थानहरूमा गई धर्मदेशना गर्ने व्यक्ति, जसलाई धेरै जसोले चिन्ने गर्छन् ।)

(२) प्रत्येक बुद्ध (आफु एक्लै मात्र सुमार्गमा लाग्ने र अरूलाई बोध गर्ने कार्यतर्फ लागिरहने व्यक्ति । उहाँहरूसंग अनेक ऋद्धिबल हुने गर्छन ।

(३) सम्यक बुद्ध (उहाँहरू अन्य बुद्धहरू भन्दा उच्च श्रेणीको हुनुहुन्छ । उहाँहरूले असंख्य पारमिता पूरागरी जगत प्राणीलाई उद्धार हुने ज्ञान दिने गर्नुहुन्छ ।"

यसदिन श्रद्धेय इन्द्रावती गुरुमांले कक्षा संचालन गर्नुभएको थियो ।

## कन्फ्युसियस धर्म र बुद्ध धर्म

*०६४/१०/१९, धर्मकीर्ति विहार, श्रीघः नघः ।*

यसदिन डा. नरेशमान वज्राचार्यले "कन्फ्यूसियस धर्म र बुद्ध धर्म" विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो ।

चीनमा यी ३ धर्महरू एकैपटक उत्पन्न भएको बुझिन्छ । १ बुद्ध धर्म, २ ताउ धर्म, ३ कन्फ्यूसियस धर्म ।

यी ३ मध्ये कन्फ्यूसियस धर्मलाई उच्चारण गर्न सजिलो पार्न कुङ्ग फु तेज कुङ्ग धर्म भनेर उच्चारण गर्ने गरिन्छ । कुङ्ग फु तेज कुङ्ग एक व्यक्तिको नाम हो । उनी वि.सं. ४४१ मा चीनमा एक Lu भन्ने स्थानमा जन्मेका थिए । उनको बुबाको नाम सुलियाङ्ग हि हो । तर पुत्रले जन्म लिएर ३ वर्ष पछि बुबाचाँहिको मृत्यु भएछ । अनि छोराको लालन पालन कार्यको जिम्मा आमा चाँहिले लिई उनलाई हुर्काएको थियो । छोरा कुङ्ग फु तेज कुङ्गले आफ्नो १५ वर्षको उमेरमा नै पठन पाठन विषयमा सम्पूर्ण कार्य सम्पन्न गरी १७ वर्षको उमेरमा विद्याले पारंगत भई आफ्नो सक्षमताको परिचय दिन सफल भएका थिए । १९ वर्षको उमेरमा उनको विवाह सम्पन्न भयो । विवाह पछि श्रीमतीको पनि मृत्यु भएछ । उनले आफ्नो २५ वर्षका उमेरमा प्रथम न्यायधिश भई ५० वर्षको उमेरमा गर्भनर पद प्राप्त गरी एक प्रान्तको शासन चलाउने शासक समेत बने । ५१ वर्षको उमेरमा उनी प्रधानमन्त्री नै बने । उनी प्रधानमन्त्री हुँदा कुनै पनि जनताको घरमा साँचो लगाउन नपर्ने वातावरण श्रृजना भएको थियो । त्यसबेला चोरी, डकैती र फताहाहरू नै निर्मूल भइसकेको थियो । उनले भन्ने गर्थ्यो - मैले इश्वरको सम्पूर्ण कुरा बुझेको छु । कन्फ्यूसियस धर्म अनुसार धर्ममा ईश्वर छ । ईश्वरलाई मान्नुपर्छ । ईश्वर अनन्त शक्तिवान् हो ।

तर बुद्ध शिक्षानुसार ईश्वर आफु स्वयम हो । आफ्नो मनमा लुकेका कुविचार, कुसंस्कार, लोभ, द्वेष, मोह र मिथ्या दृष्टिबाट अलग्ग रही जीवन बिताउन सक्नुलाई नै बुद्धले धार्मिक र शुद्ध जीवनको रूपमा लिनुहुन्छ ।

## विषय : 'पट्ठान'

*२०६४ फागुण ४, शनिवार प्रस्तुति- विजय लक्ष्मी शाक्य स्थान- धर्मकीर्ति विहार, श्रीः घः नघल ।*

यसदिन श्रद्धेय अगगञ्ञाणी गुरुमांले अभिधर्मको 'पट्ठान' विषयमा प्रवचन दिनु भयो । 'पट्ठान' भन्नाले अभिधर्मको ७ वटा ग्रन्थ मध्ये अन्तिम ग्रन्थ मानिएको छ । तर पनि यो गम्भिर, शुक्ष्म र विशाल ग्रन्थ हो । 'प' को अर्थ विभिन्न प्रकारको धेरै नै अनगिन्ती हो भने 'ट्ठान' भन्नाले हेतु, कारण, ठान धर्महरू हुन् ।

यो 'पट्ठान' ग्रन्थमा पनि ५ वटा ग्रन्थहरू छन् । यो शुक्ष्म, गम्भिर र विशाल छ । यो 'पट्ठान' पाठ गर्दा वाधा, भय अन्तराय हटेर सुख प्राप्त हुने विश्वास लिइन्छ । यो ग्रन्थ बुद्ध शासन रक्षा गर्ने गढ वा किल्ला समान छन भनी उल्लेख गरिएको छ । यसमा कार्य, कारण र फल सम्बन्धि शुक्ष्म व्याख्या पाइन्छ । त्यसैले चित्त चेतसिक, रूप, स्कन्ध, आयतन, मार्गाङ्ग सम्बन्धि गम्भिर र शुक्ष्म दर्शण यसमा पाइन्छ । कार्य, कारण र फलको अन्त नै नभएको विषय 'अनन्तनय' व्याख्या यसमा पाइन्छ ।

बुद्ध शासन रक्षा गर्ने गढ वा किल्ला समान भनिएको कारण परियत्ति, पत्तिपति र पतिवेद मध्य परियत्ति अन्तर्गतको अभिधर्म लोप भएपछि शासन लोप हुने हुँदा यसलाई शासन रक्षार्थ गढ भनिएको हो ।

जब मानिसले कर्म, कारण र फल सम्बन्धमा गलत धारणा राख्दछन् । सुकर्म र कुकर्मको फल हैन भनी गलत धारणा राख्दछन् । मानिस शुद्ध र दुषित विना कारण हुन्छ भन्ने गलत धारणा । हिंसा हत्या गरेको फल छैन भन्ने गलत धारणा । केही मात्रामा कारण भए पनि विषम हैन भन्ने गलत धारणा आदि भयो भने अभिधर्म लोप हुन्छन् । त्यसैले यसलाई शासन रक्षार्थ गढ भनिएको हो ।

सर्व प्रथम 'हेतु पच्चयो' पदहरूमा हेतु वा कारणलाई सहयोग गर्न प्रत्यय जोडिएको कुरा उहाँले बताउनु भयो । हेतु पनि ६ वटा छन् । जस्मा तीन अकुशल मूल हेतु, तीन वटा कुशल मूल हेतुहरू छन् । लोभ, द्वेष, मोह अकुशल मूलमा पर्दछन भने अलोभ (दान, त्याग), अदोष (श्रद्धा, शील, सदाचार) र अमोह भन्नाले ज्ञान, समाधिमा पर्दछ । मानिसहरूको पूण्य र अपूण्यको मूल जड वा जरा नै यी ६ वटा हेतुहरू हुन् भनी उहाँले भन्नु भएको थियो ।

# धर्म प्रचार

## समाचार

### मैत्री बोधिसत्व विहारमा बुद्धपूजा र धर्मदेशना

*०६४ चैत्र २ गते, स्थान- मैत्री बोधिसत्व महाविहार, जमल।*

यसदिन मैत्री बोधिसत्व महाविहारमा पञ्चशील प्रार्थना र बुद्धपूजा पश्चात् धम्मवती गुरुमांबाट धर्मदेशना भएको थियो। धर्मकीर्ति ज्ञानमाला भजनको तर्फबाट भजन प्रस्तुत गरिएको उक्त बुद्धपूजा कार्यक्रममा उपस्थित हुनुभएका सम्पूर्ण सहभागी श्रद्धालुहरूलाई सानु नानी कंसाकारको तर्फबाट जलपानको व्यवस्था गरिएको थियो। स्मरणीय छ उक्त कार्यक्रममा दाता सानु नानी कंसाकारको तर्फबाट धर्मकीर्ति ज्ञानमालालाई हारमोनियम एक थानको लागि रु. २५००/- चन्दा कोषाध्यक्ष श्री श्याममान बज्राचार्यलाई प्रदान गर्नुभएको थियो।

### मैत्रेय युवा संघको एघारौं वार्षिक उत्सव

मैत्रेय युवा संघ भक्तपुरको ११ औं वार्षिक उत्सव जयकीर्ति महाविहार थथुवहीमा सम्पन्न भयो।

शील प्रार्थनाबाट शुरू भएको उक्त कार्यक्रममा म्यानमारबाट पाल्नु भएका श्रद्धेय भिक्षु ऊ कुण्डल सयादोले उद्घाटन गर्नु भयो। उक्त कार्यक्रम संघका अध्यक्ष तिर्थराज वज्राचार्यको सभापतित्वमा भएको थियो।

कार्यक्रममा संघका महिला कमिटिको संयोजक अणु बज्राचार्यले स्वागत मन्तव्य पछि संघका कोषाध्यक्ष रूद्र चित्रकारले आय व्यय र उप सचिव कृष्ण चन्द्र वज्राचार्यले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो।

मैत्रेय युवा संघका सल्लाहकार सविता धाख्वाले बुद्ध धर्म कुनै आयातित धर्म होइन हाम्रै नेपालमा जन्मनु भएको बुद्धको मुल उपदेश हो। अहिलेका युवा वर्गले यस विषयमा चिन्तन मनन गर्नु पर्ने आवश्यकता भएको विचार व्यक्त गर्नु भयो। कार्यक्रममा प्रमुख अतिथि भिक्षु ऊ कुण्डल सयादोले मान्छे संग धेरै सम्पत्ति भएर पनि मैत्री चित्त भएन भने त्यस्तो व्यक्तिलाई समाजले मान्दैन। मैत्री हुनुको लागि शील प्रज्ञा भावनाको अभ्यास गर्नु पर्ने कुरामा धर्म देशना गर्नु भयो।

वर्मिज भाषामा अनुवाद भिक्षु न्यानउद स्थविरले गर्नु भएको थियो।

उक्त कार्यक्रममा अन्तर्राष्ट्रिय भावना केन्द्र शंखमुलका अध्यक्ष हेमराज शाक्य पनि सहभागि हुनु भएको थियो। कार्यक्रममा सहभागि हुनु भएका महानुभावहरूलाई सानिका वज्राचार्यले धन्यवाद ज्ञापन गर्नु भयो। कार्यक्रम सञ्चालन संगिता कोजुले गर्नुभएको थियो।

### भिक्षु कीर्ति ज्योति दिवंगत हुनुभयो

नगर मण्डप श्री कीर्ति विहारका प्रमुख भिक्षु कीर्तिज्योति २०६४ चैत्र ६ गतेका दिन दिवंगत हुनुभएको थियो। ७१ वर्षिय भिक्षु कीर्तिज्योति कीर्तिपूर स्थित पांगा गाउँका बुबा रत्नबहादुर महर्जन र माता आशामाया महर्जनका सुपुत्र हुनुहुन्छ। वि.सं. २०३५ सालमा भिक्षु प्रज्ञानन्द महास्थविरको उपाध्यायत्वमा प्रव्रजित हुनुभएका भिक्षु कीर्तिज्योतिको पार्थिव शरीरलाई चैत्र ७ गतेका दिन कीर्तिपूरको श्रीकीर्ति विहारबाट शवयात्रा अगाडि बढाई आनन्दकुटी स्वयम्भू स्थित प्रव्रजित दिपमा दाहसंस्कारका लागि लगिएको थियो। उक्त कार्यक्रममा भिक्षु कुमार काश्यपबाट पञ्चशील प्रार्थना गराउनु भएपछि भिक्षु महासंघ एवं भिक्षुणीहरूको समूहबाट सामूहिक परित्राण पाठ गरिएको थियो। उक्त कार्यक्रममा उपस्थित भिक्षु भिक्षुणीहरूलाई दिवंगत भिक्षु कीर्तिज्योतिको पूण्यस्मृतिमा दान प्रदान गरी पूण्यानुमोदन गरिएको थियो। अन्त्यमा त्यहाँ उपस्थित सकल महानुभावहरूले अन्तिम श्रद्धाञ्जली अर्पण गरी उहाँको पार्थिव शरीरको दाह संस्कार गरिएको थियो।

**धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना**

| क.सं | मिति | बुद्धपूजा | धर्मदेशना |
|---|---|---|---|
| १ | २०६४ चैत्र १ | चमेली गुरुमां | धम्मवती गुरुमां |
| २ | २०६४ चैत्र २ | बीर्यवती गुरुमां | बीर्यवती गुरुमां |
| ३ | २०६४ चैत्र ९ | धम्मवती गुरुमां | धम्मवती गुरुमां |
| ४ | २०६४ चैत्र १६ | कुसुम गुरुमां | कुसुम गुरुमां |
| ५ | २०६४ चैत्र २४ | जयवती गुरुमां | जयवती गुरुमां |



Downloaded from http://www.dhamma.digital

## साप्ताहिक ज्ञानमाला भजन

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*

अनोजा गुरुमांयागु नेतृत्त्वय् थ्वहे २०६४ फागुण २५ गते निसें चैत्र १ गते तक थीथी थासय् संचालन जूगु ज्ञानमाला भजनया ज्वलय् धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन पाखें फागुण २६ गते आइतबार भजन जूगु खः ।

फागुण २९ गते धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनया दुजःपिनि पाखें प्राप्त जूगु चन्दा रू. ३८००/- दां स्वयम्भू ज्ञानमालायात जलपान याकेगु लागि अनोजा गुरुमांयात प्रदान याःगु जुल ।

## सम्यक दृष्टि तयेमाःगु देशना

*यल चिल्लाथ्व सप्तमी,*

यलया लायकुलि च्वंगु विश्व मैत्री विहारय् पञ्चशील प्रार्थनां लिपा न्ह्याकूगु बुद्ध पूजा लिपा जूगु बौद्ध सभाय् भिक्षुणी धम्मचारी ह्म वचन व मनं याइगु ज्या खँ हे सुख दुःखया कारण जुइगुलिं सम्यक दृष्टि तयेमागु धर्म देशना बिया बिज्यात । कृष्ण देवीं मनुष्य जीवन सफल यायेत मैत्री करूणा भावना ब्वलंकाः बोधि चित्त उत्पन्न यायेमाःगु तथ्य न्ववाना दीगु ज्याया ज्वलय् वंगु संह्लुया धर्म देशना लुमंकाः कनादीपिं दिलशोभा शाक्य व तुल्सिमान अमात्य पिन्त गुरुमांनं सिरपा लःल्हाना बिज्यात । सभाय् बोधिरत्नं लसकुस याना दीगु खःसा हेराकाजिं सुभाय् देछाना दिल ।

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू**

क्र.सं. ५२२
**श्रीमती लक्ष्मी देवी रञ्जित**
टेकु, काठमाडौं
रु. १०५०/-

क्र.सं. ५२३
**श्रीमान् लक्ष्मी नारायण महर्जन**
१००/३२ ज्ञान दीप मार्ग,
नीलसरस्वती स्थान, काठमाडौं
रु. १००५/-

क्र.सं. ५२४
**श्रीमती लक्ष्मी कुमारी महर्जन**
१००/३२ ज्ञान दीप मार्ग
नीलसरस्वती स्थान, काठमाडौं
रु. १००५/-

क्र.सं. ५२५
**श्रीमती प्रभावती महर्जन**
ज्याठा, काठमाडौं
रु. १००५/-

# श्रद्धाञ्जली

**■ आनन्द मान सिं तुलाधर**

उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो ।
गुलिनं उत्पत्ति जुया च्वंगु तत्व विनाशया कारण खः ।
म्वाना सीमखु धाय्मफु सुनानं
अकाल, दुर्गति जक सी म्वाःलेमा ।
थ्व सत्य वचन अवश्ये खः ।
भीनं वने मानि वहे लँपुई ।
जन्म, जरा, व्याधि व मरण प्यंगू सत्यं
छुतय् जुयाः वने फुपिं थौंतक्क सुंहे मदुथे च्वं ।
थुलिं आर्य सत्य सिइकेत बुद्धं
खुदँ तक्क दुष्कर चर्या याना वन स्व ।
बोधिज्ञान प्राप्त यानालि भीत केना वन मार्ग ।
महा मानव बुद्ध जुयाः ।
थ्वहे अनित्य लुमंकाः भी सकलें थन मुना च्वना ।
गुँई गू वसन्त पार याना भाःम्ह थेरवादि
बौद्ध धर्मया सेल्लागु तुतां जुया सहयोगी पात्र
उपासक भाजु पुर्णकाजि मदया वंगुलिं भी सकले
नुगः मछिंकाः मुना च्वना
वय्कः नं त्वःता थकूगु गुणया स्मरण याय्गु सिबाय् ।
नाप लाय् दै मखु वय्कः हानं छको ।
राणा कालं निसें बुद्ध धर्मया लागी थःहे समर्पीत जुयाः ।
माःथाय् माःकथं ग्वहालि यानाः बुद्धधर्म चीर स्थाई याय्त ।
ल्याय्म्ह बलें निसें, तन, मन, धनं ग्वहालि याना भाःम्ह ।
थौं भीसं तंका च्वने माल वय्कः यात ।
वय्कः या गुण धर्म लुमंके बहःजू भीसं
किमडोल, आनन्द कुटी, धर्मकीर्ति, अथेहे मेगु
महाप्रज्ञा गुरुं स्वना थकूगु धर्म चक्र विहारय् तक नं
माःगु तक्क सहयोग याना
इलय्, ब्यलय् कविता च्वयाः भीःत न्येकेगु याना वैच्वंगु
भी सकसिनं अवश्य लुमंनिहे जुई
अथेहे मेगु, सकसितं माःगु तिथि धलः
(संक्रान्ति) संल्हू, अष्टमी, पुन्ही, आमै गुबले लातथें धैगु
लुमकेत च्वयाहइ, वय्कः नं, उनीसनं जिनं बालाक्क छाय्पाः
बिइगु याना वया च्वनागु लुमंनि दःनं भस्सक ।
न्ह्यागगु हे थ ज्वीब्यु थौं भी सकसिगु लागी,
वय्कः पुर्णकाजि उपासक मदया वंगुया दयापं
तंके फैमखुत गुबलें भीसं ।
थुलिहे जकसां गुण लुमंका धैर्य पूर्वक स्याःनुगः
ची फय्मा
थुलिहे जुल वय्कः पूर्णकाजि दाई यात
दुनुगलंनिसं मंकाः श्रद्धाञ्जली द्यछायाच्वना ।
भवतु सब्ब मंगल ।

बा.अ.का.द.नं. - ७०/०४०/४१

# बिचाः हायका

अनिच्चावत संखारा उप्पादवय धम्मिनो,
उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो

बूगु दिं:
बि.सं. २००५ बैशाख १८ गते
शुक्रबार



मदुगु दिं:
बि.सं. २०६४ कार्तिक २८ गते
बुधबार

## मदुम्ह जुजु रत्न स्थापित

जिमि भोजन पुचःया दुजः मय्जु मीरा स्थापित (नि-क्लेश) या जहान भाजु जुजु रत्न स्थापित वंगु २०६४ कार्तिक २८ गते, बुधबार कुन्हु आकाभ्काकां मदुगुलिं दिवंगत वय्कःया निर्वाण कामना यासें दुखंकःपि सकल छेँजःपिसं अनित्य संसारया धर्म थुइकाः नुगः चिइ फयेमा धकाः बिचाः हायेका च्वना ।

## पुर्णहिरा पुचः

धर्मकीर्ति बिहार, श्रीघः नघः

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं, नेपाल । फोन: ४४३४८५०, ४४३४७५३, फ्याक्स: (९७७-१) ४४३३९२९
व्यापारिक कार्यालय: शुक्रपथ, काठमाडौं । फोन: ४२५९०३२, ४२५९४५०, फ्याक्स: (९७७-१) ४२५८६७८

Downloaded from http://www.dhamma.digital